# यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव
# अध्ययन प्रतिवेदन




**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

२०७२ पुस

# यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव
# अध्ययन प्रतिवेदन


**नेपाल राष्ट्र बैंक**
अनुसन्धान विभाग
www.nrb.org.np

# प्राक्कथन

१. औषधिजन्य गुणयुक्त यार्सागुम्बा एक बहुमूल्य जडिबुटी हो । यार्सागुम्बा आपूर्तिको दृष्टिकोणले चीनपछि नेपाल दोस्रो ठूलो राष्ट्र हो । यार्सागुम्बाको प्रमुख बजार चीन हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा यसको उच्च मूल्य तथा अधिक मागका कारण विगत केही वर्षयता नेपालमा पनि यसको सङ्कलन एवम् बिक्रीवितरण कार्यमा हिमाली जिल्लाका वासिन्दाहरू निकै आकर्षित हुने गरेका छन् । परिणामस्वरूप, यार्सागुम्बाको सङ्कलनका लागि अधिक सम्भावना रहेका हिमाली तथा उच्च पहाडी जिल्लाका वासिन्दाको सामाजिक-आर्थिक क्रियाकलाप अभिवृद्धिसँगै राष्ट्रिय अर्थतन्त्रलाई नै चलायमान बनाउन सहयोग पुगेको छ । आ.व. २०७०/७१ मा नेपालका एघार जिल्लाहरूमा रु. ४ अर्ब ९२ करोडको यार्सागुम्बा सङ्कलन गरिएको अनुमान छ जुन पूर्वी नेपालमा उत्पादन हुने अलैंचीको सोही वर्षमा भएको रु. ४ अर्ब २६ करोड बराबरको निर्यातको तुलनामा समेत बढी देखिन्छ ।

२. यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावको यथार्थ जानकारीका लागि यस बैंकले यार्सागुम्बाको अधिक सङ्कलन हुने पाँच हिमाली जिल्लाहरू दार्चुला, डोल्पा, जुम्ला, बझाङ्ग र मनाङमा स्थलगत सर्वेक्षण र अन्तरक्रियाका माध्यमबाट अध्ययन सम्पन्न गरेको छ । यार्सागुम्बाको सङ्कलन तथा बिक्रीवितरणको अवस्था, यार्सागुम्बाले घरपरिवारको जीवनस्तरमा पारेको प्रभाव तथा यार्सागुम्बाको दिगो उत्पादन तथा व्यवस्थापनका लागि चाल्नु पर्ने कदमहरू सुझाउनु अध्ययनको उद्देश्य रहेको छ ।

३. अध्ययनको नतिजाले हिमाली तथा उच्च पहाडी भेगका गरिब तथा पिछडिएका जनताको आयआर्जन अभिवृद्धि तथा रोजगारीका अवसरहरू सिर्जना गर्न यार्सागुम्बाको सङ्कलन एवम् बिक्रीवितरणले योगदान पुऱ्याएको देखिन्छ । साथै, पर्यटन, होटल, बैकिङ/वित्तीय सेवा जस्ता आर्थिक क्रियाकलापमा समेत यसले गतिशीलता प्रदान गर्नुका साथै नेपालका हिमाली क्षेत्रका आर्थिक गतिविधिको मौद्रिकीकरण गर्न सकारात्मक भूमिका खेलेको देखिन्छ ।

४. विगत केही वर्षदेखि यार्सागुम्बामा देखिएको अव्यवस्थित सङ्कलन तथा बिक्रीवितरणका कारण बालबालिकाको शिक्षा, सङ्कलकको स्वास्थ्यमा नकारात्मक प्रभाव, अनौपचारिक कारोवार, पर्यावरण एवम् शान्तिसुरक्षामा समस्या एवं सामाजिक विकृति जस्ता चुनौतीहरू सृजना भएका छन् । फलस्वरूप, यार्सागुम्बाको संरक्षण एवम् प्रवर्द्धन गरी यसलाई स्थानीयवासीको आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्न सङ्कलन समय तथा सङ्कलक सीमा निर्धारण गर्नुपर्ने र बालबालिकाको प्रयोगलाई निरुत्साहित तथा सङ्कलक अभिमुखीकरण तालिम प्रदान गर्नुपर्ने, सङ्कलकलाई लघुवित्त संस्थामार्फत् ऋण उपलब्ध गराउनु पर्ने र सङ्कलन अनुमतिपत्र वितरण तथा शुल्क असुली प्रणालीलाई सरलीकरण गर्नुपर्ने देखिन्छ ।

५. यार्सागुम्बा व्यापारीलाई व्यापार कारोवारका लागि फर्म दर्ता गर्नुपर्ने व्यवस्था गरी कारोवारलाई व्यवस्थित गर्न सकिन्छ । त्यस्तै, यार्सागुम्बा सङ्कलन क्षेत्रको पर्यावरणमा सुधार, बजार व्यवस्थापन सूचना प्रणालीको विकास, यार्सागुम्बाको निरन्तर

अध्ययन/अनुसन्धान र यस सम्बन्धी राष्ट्रिय नीतिगत मार्गदर्शनको व्यवस्था गरी यार्सागुम्बाको दिगो उत्पादन तथा बिक्रीवितरणलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

६. अन्त्यमा, यस अध्ययन सम्पन्न गरी अध्ययन प्रतिवेदनलाई सार्वजनिक गर्ने अवस्थामा आइपुग्दासम्म आफ्ना महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने श्रीमान् गभर्नरज्यू, श्रीमान् डेपुटी गभर्नरज्यूहरू, कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठज्यूमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसैगरी यस अध्ययनलाई पूर्णता प्रदान गर्ने क्रममा प्रारम्भदेखि नै योगदान पुऱ्याउनु हुने निर्देशकहरू डा. गोपालप्रसाद भट्ट, श्री रमेशकुमार पोखरेल, श्री निलम तिम्सिना र डा. प्रकाशकुमार श्रेष्ठ, उप-निर्देशकहरू श्री गोविन्द नागिला, श्री विज्ञानराज सुवेदी, श्री बुद्धराज शर्मा, श्री दुर्गेश गोपाल श्रेष्ठ, श्री सुमन न्यौपाने र सहायक निर्देशकहरू डा. महेश चौलागाई, श्री गुणराज भट्ट, श्री शालिकराम पोखरेल, श्री सञ्जय मिश्र, श्री सजना शिल्पकार र डा. टापप्रसाद कोइरालालाई हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु । साथै, यस अध्ययनलाई पूर्णता दिनका लागि गरिएको स्थलगत सर्वेक्षणमा सहयोग पुऱ्याउनु हुने अनुसन्धान विभाग एवम् उपत्यकाबाहिरका कार्यालयहरूका सम्पूर्ण साथीहरूलाई मेरो विशेष धन्यवाद छ ।

नरबहादुर थापा
कार्यकारी निर्देशक
अनुसन्धान विभाग

# विषयसूची


**परिच्छेद १ : परिचय** **१**

पृष्ठभूमि १
अध्ययनको उद्देश्य १
अध्ययन विधि २
अध्ययनको सीमा ४
अध्ययनको औचित्य ४

**परिच्छेद २ : यार्सागुम्बाको उत्पादन, सङ्कलन एवम् बिक्रीवितरण** **५**

परिचय ५
नेपालमा यार्सागुम्बा उत्पादन एवम् सङ्कलन ५
यार्सागुम्बा सङ्कलन र बिक्रीवितरण सम्बन्धी नीतिगत व्यवस्था ७
यार्सागुम्बा सङ्कलन सम्बन्धी स्थानीय तहका नीतिगत व्यवस्था ८
यार्सागुम्बाको बजार ९
यार्सागुम्बाले पारेको आर्थिक एवम् सामाजिक प्रभाव १०
यार्सागुम्बाको दिगो उपयोगमा देखिएका चुनौतीहरू १२

**परिच्छेद ३ : स्थलगत सर्वेक्षणको नतिजा** **१४**

. यार्सागुम्बाको सङ्कलन स्थान र परिमाण १४

यार्सागुम्बा सङ्कलन कार्य १५
- सङ्कलनमा जानेको सङ्ख्या १५
- सङ्कलनको व्यक्तिगत विवरण १६
- सङ्कलन गर्न जाने प्रवृत्ति १६
- सङ्कलन अवधि १७
- सङ्कलन खर्च १७
- सङ्कलन परिमाण र आय १८
- आम्दानीको प्रयोग १९

यार्सागुम्बा बिक्री वितरण १९
- मूल्य निर्धारण प्रक्रिया र मूल्य प्रवृत्ति १९
- पुँजीको स्रोत २०
- ढुवानी २०
- बिक्री तथा आम्दानी २१
- माग तथा आपूर्तिको अवस्था २२

यार्सागुम्बाले पारेको आर्थिक प्रभाव २२
- आय आर्जन २३
- रोजगारी २३
- पूर्वाधार २४
- आर्थिक क्रियाकलाप २४

यार्सागुम्बाको दिगो व्यवस्थापनमा देखिएका चुनौती २५
सामाजिक व्यवहार २६
शिक्षामा प्रभाव २६
स्वास्थ्य स्थितिमा प्रभाव २६
पर्यावरणीय समस्या २६
शान्ति सुरक्षामा चुनौती २७
अनौपचारिक कारोवार २७

**परिच्छेद ४ : निष्कर्ष तथा सुझाव २८**

निष्कर्ष २८

सुझावहरू २८

**सन्दर्भसूची ३१**

**अनुसूचीहरू ३३**

# परिच्छेद १ : परिचय

## पृष्ठभूमि

१. "यार्सागुम्बा" (Ophiocordyceps Sinensis) एक बहुमूल्य जडिबुटी हो । यसमा औषधिजन्य गुण अन्तरनिहित हुने हुँदा यसको प्रयोग शक्तिबर्द्धक, रक्तअल्पता, छाती तथा फोक्सोको संक्रमण, क्षयरोग, हेपाटाइटिस बी., मृगौला, कलेजोसम्बन्धी रोगका औषधि बनाउन प्रयोग हुने गर्दछ । समुद्र सतहबाट करिव ३५०० मिटरदेखि ५५०० मिटरसम्मको उचाइमा यसको उत्पादन हुने गरेको छ । यार्सागुम्बाको प्रमुख बजार चीन हो भने सिंगापुर, मलेसिया, कोरिया, थाइल्याण्ड, जापान, बेलायत र अमेरिकामा पनि यसको कारोबार हुने गरेको छ ।

२. यार्सागुम्बा बजारमा यसको आपूर्तिको दृष्टिकोणले नेपाल दोस्रो ठूलो राष्ट्र हो । नेपालमा वार्षिक करिब ३००० के.जी. यार्सागुम्बा सङ्कलन हुने गर्दछ । विश्व बजारमा वार्षिक ८३ देखि १८३ मे.टन यार्सागुम्बा आपूर्ति हुने गरेकोमा चीनबाट मात्रै करीव ९५ प्रतिशतभन्दा बढी आपूर्ति हुने गरेको छ । त्यस्तै, भारत (१.७ देखि २.८ मे.टन.) तथा भुटान (०.५ देखि १.५ मे.टन) मा पनि यसको उल्लेख्य सङ्कलन हुने गरेको पाइन्छ (व्इन्केलर, २००९) । यार्सागुम्बा नेपालका उच्च पहाडी र हिमाली क्षेत्रका हिउँ पर्ने चौरीखर्क तथा घासे मैदानमा पाइने भएकोले यसको व्यावसायिक खेती नगरी प्राकृतिक रूपमा सङ्कलन गरिन्छ । नेपालमा २५ जिल्लामा यार्सागुम्बाको सङ्कलन भए तापनि यसको व्यावसायिक सङ्कलन १२ जिल्लाबाट[१] हुने गरेको छ (क्षत्री, २०७१) । विश्वमा उपलब्ध यार्सागुम्बाका करिब ५०० प्रजातिमध्ये नेपालमा हालसम्म ११ प्रजातिको पहिचान भएको छ ।

३. विगतका वर्षहरूमा यार्सागुम्बाको सङ्कलनमा आएको कमीसँगै अन्तर्राष्ट्रिय बजारमा यसको मूल्य तथा मागमा वृद्धि हुँदै गइरहेको छ । नेपालमा पनि यसको सङ्कलन एवम् खरिद/बिक्री कार्यमा हिमाली जिल्लाका वासिन्दाहरू निकै आकर्षित हुने गरेको पाइन्छ । प्रत्येक वर्ष बैशाखदेखि असारसम्म विभिन्न उमेरका हजारौंको सङ्ख्यामा मानिसहरू यार्सागुम्बा सङ्कलन गर्न उच्च पहाडी भेगमा जाने प्रवृत्ति बढिरहेको पाइन्छ । परिणामस्वरूप, यार्सागुम्बाको सङ्कलन तथा बिक्रीवितरणका लागि अधिक सम्भावना रहेका हिमाली क्षेत्रका वासिन्दाको सामाजिक-आर्थिक क्रियाकलापसँगै राष्ट्रिय अर्थतन्त्रलाई नै चलायमान बनाउन सहयोग पुगेको छ । यार्सागुम्बाले त्यस भेगका वासिन्दाहरूको आम्दानी लगायत पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाको विस्तार गरी मौद्रिकीकरणमा समेत योगदान पुग्ने देखिन्छ ।

४. उपर्युक्त पृष्ठभूमिमा हिमाली जिल्लाको आर्थिक तथा सामाजिक क्रियाकलापलाई गतिशील बनाउन मद्दत गर्ने यार्सागुम्बाको सङ्कलन, बिक्रीवितरण तथा निर्यातको वास्तविक अवस्थाका बारेमा अनुसन्धानमूलक कार्यको आवश्यकता बोध हुनुका साथै हिमाली जिल्लाका वासिन्दाहरूको सामाजिक-आर्थिक अवस्थामा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणले पारेको परिवर्तन एवम् राष्ट्रिय अर्थतन्त्रमा यसले पुऱ्याएको योगदानको यथार्थ जानकारीका लागि अध्ययनको अपरिहार्यतालाई दृष्टिगत गरी यो अध्ययन सम्पन्न गरिएको हो ।

## अध्ययनको उद्देश्य

५. नेपालमा यार्सागुम्बाको उत्पादन, सङ्कलन र बिक्री वितरण सम्बन्धी वर्तमान अवस्थाको पहिचान गर्दै त्यसबाट अर्थतन्त्रमा पुगेको योगदान आँकलन गर्नु अध्ययनको समग्र उद्देश्य रहेको छ । अध्ययनका सहायक उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

---

[१] दार्चुला, डोल्पा, जुम्ला, मुगु, बझाङ्ग, रुकुम, म्याग्दी, मनाङ्ग, गोरखा, रसुवा, सिन्धुपाल्चोक र संखुवासभा ।

(क) नेपालमा यार्सागुम्बाको उत्पादन, सङ्कलन, बिक्री वितरण तथा निर्यातको प्रकृति तथा प्रवृत्तिको आंकलन गर्ने,

(ख) यार्सागुम्बाको सङ्कलन एवम् बिक्री वितरण कार्यले त्यसमा संलग्न घरपरिवारको जीवनस्तर (शिक्षा, स्वास्थ्य, आयआर्जन, रोजगारी, शान्ति-सुरक्षा) मा पारेको प्रभाव अध्ययन गर्ने, र

(ग) यार्सागुम्बाको दिगो उत्पादन, सङ्कलन र बिक्री वितरणलाई व्यवस्थित गर्न आवश्यक सुझाव पेश गर्ने ।

## अध्ययन विधि

६. यस अध्ययनमा यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावका बारेमा तथ्यगत विश्लेषणका अतिरिक्त विषयगत विश्लेषणलाई समेत समेटिएको छ । नेपालमा विगत केही वर्षदेखि मात्र यार्सागुम्बाको व्यावसायिक सङ्कलन तथा बिक्री वितरण कार्य हुने गरेकोले अर्थमितीय (Econometric) विश्लेषण गरिएको छैन । तथ्यांककीय लगायत सरोकारवालाहरूको राय (Opinion) लाई पनि अध्ययनको आधार बनाइएको छ । त्यस्तै यो अध्ययनले विषयगत विश्लेषणहरूलाई समेत समेटेको हुँदा यो अन्वेषणात्मक (Exploratory) प्रकृतिको रहेको छ ।

### तथ्याङ्क एवम् सूचना सङ्कलन

७. यस अध्ययनमा प्राथमिक (Primary) र द्वितीयक (Secondary) दुवै स्रोतबाट तथ्याङ्क, सूचना तथा जानकारी सङ्कलन गरिएको छ । प्राथमिक स्रोततर्फ यार्सागुम्बा सङ्कलक, यार्सागुम्बा व्यापारी लगायत जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला वन कार्यालय/निकुञ्ज कार्यालय र जिल्ला विकास समितिको कार्यालयका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै प्रश्नावली मार्फत आवश्यक जानकारी प्राप्त गरिएको थियो । द्वितीयक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्नका लागि वन मन्त्रालय/विभाग/कार्यालय, उद्योग/वाणिज्य मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, आन्तरिक राजस्व कार्यालय, यार्सागुम्बा सम्बन्धी पुस्तक, प्रकाशन एवम् स्वदेशी विदेशी अध्ययनहरू र पत्रपत्रिकामा प्रकाशित समाचारहरूका विवरण सङ्कलन गरी विश्लेषण गरिएको छ ।

८. प्रश्नावली मार्फत विशेष गरी विगत तीन वर्षमा यार्सागुम्बा सङ्कलन/खरिद बिक्री परिमाण, बिक्रीबाट प्राप्त आम्दानी, स्थानीय जनताको आर्थिक स्तरमा परेको प्रभाव साथै यसको दिगो व्यवस्थापनमा देखिएका चुनौतीहरू सम्बन्धी जानकारी लिइएको थियो । यार्सागुम्बा सम्बन्धमा सङ्कलन गरिएका जानकारीहरू छड्के जाँच (Cross Check) गर्न तथा अन्य थप जानकारी लिन सङ्कलनकर्ता, व्यापारी, यार्सागुम्बा विज्ञ, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति लगायत काठमाडौंस्थित वन विभागका पदाधिकारीहरूसँग अनौपचारिक छलफल समेत गरिएको थियो ।

### नमूनाको आकार तथा छनौट

९. प्राथमिक तथ्याङ्क सङ्कलनतर्फ हाल नेपालमा यार्सागुम्बाको व्यावसायिक सङ्कलन हुने १२ जिल्लामध्ये सर्वाधिक कारोवार हुने ५ केन्द्रहरू[२] दार्चुला, डोल्पा, जुम्ला, बझाङ, र मनाङमा प्रश्नावली सर्वेक्षण एवम् अन्तरक्रियाका माध्यमबाट सूचना एवम् तथ्यांङ्क सङ्कलन गरिएको छ । यार्सागुम्बा सङ्कलक तथा व्यापारीहरू मध्येबाट Convenience Sampling को आधारमा प्रत्येक केन्द्रबाट १० जना यार्सागुम्बा सङ्कलकहरू र ५ जना यार्सागुम्बा व्यापारीहरू सर्वेक्षणमा समेटिएको थियो । त्यस्तै, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला वन कार्यालय/निकुञ्ज कार्यालय र जिल्ला विकास समितिको कार्यालयसँग पनि छुट्टाछुट्टै प्रश्नावलीमार्फत् आवश्यक जानकारी प्राप्त गरिएको थियो । सर्वेक्षणमा सबै समूहबाट कुल ९३ प्रश्नावलीमार्फत् जवाफ सङ्कलन गरिएको थियो । वि.सं. २०७१ सालको यार्सागुम्बा सङ्कलन मौसमको

---

[२] नेपाल सरकार, वन मन्त्रालय, वन विभाग, काठमाडौं को २०७१ सालको तथ्याङ्क अनुसार छनौटमा परेका क्षेत्रबाट ९५ प्रतिशत यार्सागुम्बा सङ्कलन हुने गरेको पाइन्छ ।

समाप्तिसँगै प्रश्नावली सर्वेक्षण गरिएको थियो । अध्ययनमा तोकिएको नमूना तालिका १.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.१ः तोकिएको नमूना सङ्ख्या**

| केन्द्र | यार्सागुम्बा सङ्कलक | यार्सागुम्बा व्यापारी | जिल्ला वन कार्यालय/निकुञ्ज कार्यालय* | जिल्ला विकास कार्यालय | जिल्ला उद्योग वाणिज्य संघ | कुल |
|---|---|---|---|---|---|---|
| दार्चुला | १० | ५ | २ | १ | १ | १८ |
| डोल्पा | १० | ५ | २ | १ | १ | १९ |
| बझाङ्ग | १० | ५ | १ | १ | १ | १८ |
| जुम्ला | १० | ५ | १ | १ | १ | १८ |
| मनाङ्ग | १० | ५ | २ | १ | १ | १८ |
| कुल | ५० | २५ | ८ | ५ | ५ | ९३ |

* *डोल्पा, दार्चुला र मनाङ्ग क्षेत्र अन्तर्गत १/१ जिल्ला वन कार्यालयमा निकुञ्ज तथा संरक्षण क्षेत्रको प्रश्नावली समेत समावेश गरिएको छ ।*

१०. प्रश्नावली सर्वेक्षण एवम् अन्तरक्रियाका लागि प्रत्येक केन्द्रमा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागबाट जिल्लास्थित कार्यालय समेतको सहयोगमा एक/एक टोली परिचालन गरिएको थियो । छनौट गरिएका ५ वटै केन्द्रका जिल्ला सदरमुकाममा अनुसन्धान विभागका कार्यकारी निर्देशक/निर्देशकको संयोजकत्वमा उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, स्थानीय प्रशासन एवम् निकायहरू, जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आदिका प्रतिनिधिहरू लगायत यार्सागुम्बा सङ्कलन, खरिद तथा ओसार-पसार आदिमा संलग्न हुने व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । अन्तरक्रियाबाट यार्सागुम्बाको उत्पादन एवम् सङ्कलन प्रवृत्ति, यसले रोजगारी तथा आयआर्जनमा पारेको प्रभाव र पर्यावरणमा पारेको नकारात्मक असरका साथै यसको प्रभावकारी एवम् दिगो व्यवस्थापनका लागि चाल्नुपर्ने कदमहरू लगायतका विषयमा जानकारी हासिल गरिएको थियो ।

**नमूना अवधि**

११. प्राथमिक तथ्याङ्क, सूचना तथा जानकारीहरू २०७१ साल भदौ महिनामा सम्पन्न पाँचवटै केन्द्रको स्थलगत सर्वेक्षणमा आधारित रहेका छन् । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको प्रवृत्ति विश्लेषण गर्न वि.सं. २०६९ देखि २०७१ (३ वर्ष) सम्मका वार्षिक तथ्याङ्कहरू प्रयोग गरिएको छ । द्वितीय स्रोततर्फ वि.सं. २०६९ देखि २०७१ (४ वर्ष) सम्मका वार्षिक तथ्याङ्कलाई आधार बनाई विश्लेषण गरिएको छ । नेपाल राष्ट्र बैंकका जिल्ला स्थित कार्यालयहरूबाट सर्वेक्षणमा समेटिएका जिल्ला सदरमुकामस्थित बैंक तथा वित्तीय संस्थाहरूमा वि.सं. २०७१ का विभिन्न महिनाहरूमा प्रवाहित नोट कोषको तथ्याङ्कको विश्लेषण समेत गरिएको छ ।

**नमूना ढाँचा**

१२. यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी अध्ययनका लागि वन तथा भू-संरक्षण मन्त्रालय, वन विभागबाट प्राप्त तथ्याङ्कको आधारमा सर्वाधिक यार्सागुम्बा उत्पादन हुने जिल्लाहरूको छनौट गरिएको थियो । भौगोलिक विकटताका कारण सर्वेक्षण केन्द्रको Pilot Survey नगरी द्वितीयक स्रोतको आधारमा नमूना योजना बनाइएको थियो ।

**विश्लेषणको विधि**

१३. प्राथमिक तथा द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई वर्णनात्मक तथ्याङ्क (Descriptive Statistics), प्रवृत्ति, वृद्धिदर, औसत, तालिकीकरण तथा पाई-चार्ट विधिका माध्यमबाट विश्लेषण गरिएको

छ । औसत विधि अन्तर्गत केन्द्रगत भारको अभावमा भारित औसतको सट्टा सामान्य औसतलाई अवलम्बन गरिएको छ ।

## अध्ययनको सीमा

१४. नेपालको हिमाली भेगका करिव २५ जिल्लाहरूमा यार्सागुम्बा उत्पादन हुने भए तापनि यस अध्ययनले यार्सागुम्बाको कारोवार हुने प्रमुख पाँच केन्द्रहरूलाई मात्र अध्ययनको क्षेत्र बनाएको छ । त्यस्तै यार्सागुम्बा सङ्कलन कार्यमा हजारौं मानिसहरू संलग्न हुने भए तापनि सर्वेक्षण कार्यको नमूना छनौट गर्दा Convenience Sampling को आधारमा प्रति केन्द्र १० जना सङ्कलक र ५ जना व्यापारी मात्र छानिएको छ । त्यस्तै, हालसम्म यार्सागुम्बाको कारोबारको भरपर्दो तथ्याङ्क प्राप्त हुन कठिन भइरहेको एवम् यसको अवैध व्यापारसमेत उल्लेख्य हुने गरेको भन्ने सुनिन आएकोले द्वितीयक स्रोतबाट सङ्कलित तथ्याङ्कको शुद्धतामा आश्वस्त हुन कठिन हुन सक्दछ । साथै, प्रभाव विश्लेषणको लागि विगत धेरै वर्षको तथ्याङ्कको अभावका कारण प्रश्नावलीबाट सङ्कलित सीमित तथ्याङ्क एवम् अन्तरक्रियाबाट प्राप्त जानकारीमा बढी भर पर्नु परेको छ । प्रश्नावली सर्वेक्षण भौगोलिक कठिनाइका कारण यार्सागुम्बा सङ्कलन हुने पाटनहरूमै पुगेर गर्न सकिएको छैन ।

## अध्ययनको औचित्य

१५. यार्सागुम्बा सम्बन्धी नेपालमा केही स्वतन्त्र अध्ययनहरू भएको देखिए तापनि यसको उत्पादन स्थिति, सङ्कलन एवम् बिक्री वितरणको अवस्था, निर्यात स्थिति, आर्थिक-सामाजिक प्रभाव सम्बन्धी खासै आधिकारिक अध्ययन भएको छैन । फलस्वरूप यसको बढ्दो कारोवारले उच्च पहाडी तथा हिमाली भेगका वासिन्दाहरूको आय, रोजगारी, स्वास्थ्य र शिक्षा लगायत विविध आर्थिक एवम् सामाजिक पक्षहरूको वास्तविक स्थिति आँकलन गर्नु यस अध्ययनको औचित्य रहेको छ । त्यस्तै यार्सागुम्बाको कारोवारबाट सो क्षेत्रमा भई रहेको मौद्रिकीकरण लगायत वित्तीय सेवाहरूको सम्भावना आँकलन गर्न पनि यस अध्ययनको आवश्यकता देखिन्छ । यसबाट यार्सागुम्बाको उत्पादन, सङ्कलन एवम् बिक्री वितरणलाई व्यवस्थित गर्न उपयुक्त नीति नियम बनाउन सम्बन्धित निकायहरूलाई सहज हुनेछ ।

# परिच्छेद २ : यार्सागुम्बाको उत्पादन, सङ्कलन एवम् बिक्रीवितरण

## परिचय

१६. यार्सागुम्बा एक प्रकारको च्याउ र लार्भा अवस्थाको पुतलीको संयुक्त रूप हो ।[३] यो झुसिलकिरा जस्तै र त्यही आकार र रङ्गको देखिन्छ । तिब्बती भाषामा यसलाई यार्चाकुन्बु भनिन्छ जसअनुसार 'यार' भनेको वर्षा, 'चा' भनेको झार, 'कुन' भनेको हिँउद र 'बु' भनेको कीरा हो (क्षत्री, २०६८) । वर्षायाममा झारको रूपमा रही हिउँदमा कीराको रूपमा रूपान्तरण हुने भएकोले हिमाली भेगमा यसको नाम यार्चाकुन्बु रहन गएको हो । नेपालका हिमाली जिल्लाहरूमा यार्सागुम्बा नाम यार्चाकुन्बुबाट नै रहेको हो भन्ने मान्यता पाइन्छ । साथै नेपालमा यसलाई स्थान अनुसार विभिन्न नाम दिइएको पाइन्छ जस्तै कीराघाँस, कीराझार, जीवनबुटी, सन्जिवनी, कीरा, जरा इत्यादि (क्षत्री, २०६८) ।

१७. यार्सागुम्बा समुद्री सतहबाट करिब ३५०० मिटरदेखि ५५०० मिटरसम्मको उचाइमा वा त्यसभन्दा माथि ६ महिना हिँउ परिरहने र वर्षायाममा हिँउ पग्लने हिमरेखाको आसपासका स्थानहरूमा पाइने गर्छ (यादव, २०११) । यार्सागुम्बा नेपालमा ३५४०-५०५० मी., भुटानमा ४२००-५२०० मी., भारतमा ३२००-४२०० मी. र तिब्बतमा ३०००-५००० मी. को उचाइमा पाइने गरेको छ (श्रेष्ठ, २०१३) । विश्वमा यार्सागुम्बाका करिब ५०० भन्दा बढी प्रजातिहरू रेकर्ड गरिएका छन् (श्रेष्ठ, २०११) । नेपालमा हालसम्म यार्सागुम्बाका ११ प्रजातिहरू पहिचान गरिएकोमा ३ प्रजातिहरू Ophiocordyceps sinensis, O. militaris र O. nepalensis मा औषधीय गुण रहेको पाइएको छ (यादव, २०११) ।[४] यी मध्ये पनि व्यापारिक महत्वका दृष्टिले Ophiocordyceps sinensis प्रमुख रहेको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) ।

१८. यार्सागुम्बा एक प्रकारको बहुपोषक 'हाई क्वालिटी मल्टी भिटामिन' (High quality multi vitamin) युक्त जडीबुटी हो ।[५] यसलाई शक्तिवर्धक र रगत बढाउने औषधिको रूपमा पनि लिइन्छ । लामो समयको बिरामीलाई तागत दिने, रक्तअल्पता एवम् उमेर बढ्दै गएपछि हुने समस्या (Senile disorder) को उपचारमा समेत यो प्रयोग गरिन्छ । यसमा एन्टिबायोटिक गुण पनि रहेको हुनाले छाती तथा फोक्सोको संक्रमण, क्षयरोग, खोकी, मृगौला, कलेजो, हेपाटाइटिस बी (Hepatitis B) जस्ता रोगमा पनि औषधिको रूपमा यसको प्रयोग प्रभावकारी मानिएको देखिन्छ (यादव, २०११) ।

## नेपालमा यार्सागुम्बा उत्पादन एवम् सङ्कलन

१९. नेपालमा यार्सागुम्बाको उत्पादन तथा सङ्कलन हिमाली तथा उच्च पहाडी क्षेत्रका चौरी खर्क तथा घाँसे मैदानबाट हुने गरेको छ । यसको अहिलेसम्म व्यावसायिक उत्पादन हुन सकेको छैन । यार्सागुम्बाको सङ्कलन हाल नेपालका २५ जिल्लाबाट हुने गरेको भए तापनि दार्चुला, म्याग्दी, डोल्पा, रुकुम, जुम्ला,

---

३ वर्षा सुरु हुनु अगाडि Hepialus oblifurcus मोथको लार्भाको अगाडिपट्टिको टुप्पामा cordyceps fungus (ढुसी) ले संक्रमण गरेपछि यो हिउँदको अन्तसम्म माटो मुनि सुषुप्त (dormant) अवस्थामा रहन्छ र पछि क्रमशः लार्भाको शरीरमा संक्रमण गर्दै पुरै शरीर नै यसको तन्तुले भरिन्छ । वसन्त ऋतुसम्ममा यो आँख्लै-आँख्ला भएको लामा डाँठमा परिणत हुन्छ र अन्ततः लार्भाको टाउको भएर यो बाहिर अंकुरित हुन्छ (अन्साब, २०१०)।

४ वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) का अनुसार नेपालमा पहिचान गरिएका यार्सागुम्बाका ११ प्रजातिहरू: *O. gracilis, O. ishikarisensis, O. liangashanensis, O. martialis, O. militaris, O. pruinosa, O. sphecocephala,O. tricentri, O. sinensis, O. nutans, O. nepalensis*

५ यसमा कर्डिसेपिन एसिड, कर्डिसेपिन डि-मेनिटोल, पोलिसेक्राइड, फ्याटी एसिड, न्यूक्लियोसाइड प्रोटिन, भिटामिन ए, भिटामिन बी १, बी २, बी ६, बी १२, जिंक, तामा, कार्बोहाइड्रेट जस्ता तत्वहरू रहेको अनुसन्धानले पुष्टि गरेको छ (श्रेष्ठ, २००९) ।

मनाङ्ग, गोरखा, सिन्धुपाल्चोक, बझाङ्ग, मुगु, संखुवासभा र रसुवा)[६] गरी १२ जिल्लाहरूमा यसको व्यावसायिक सङ्कलन हुने गरेको छ। जिल्लागत रूपमा यार्सागुम्बाको सबैभन्दा बढी उत्पादन दार्चुला र डोल्पामा हुने गरेको देखिन्छ । यार्सागुम्बाको औसत बजार मूल्य रु. २० लाखको आधारमा आ.व. २०७०/७१ मा रु. ४ अर्ब ९२ करोड मूल्यको यार्सागुम्बा सङ्कलन भएको थियो जुन पूर्वी नेपालमा उत्पादन हुने अलैंचीको सोही वर्षमा भएको रु. ४ अर्ब २६ करोड बराबरको निर्यातको तुलनामा समेत बढी देखिन्छ ।

| तालिका २.१ : यार्सागुम्बा संकलन परिमाण (के.जी.) | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | जिल्ला | २०६८/६९ | २०६९/७० | २०७०/७१ | रकम रू.(लाख) |
| | | के.जी. | के.जी. | के.जी. | |
| १. | दार्चुला* | ६७५.० | ६२४.५ | ९८७.६ | १९७५२.० |
| २. | डोल्पा | ४७२.५ | १७१.९ | ६६३.५ | १३२७०.० |
| ३. | जुम्ला | ०.० | १०६.९ | १४२.० | २८४०.० |
| ४. | मुगु | ०.० | ०.० | २३.२ | ४६४.० |
| ५. | बझाङ | ०.० | २७४.१ | ४२७.० | ८५४०.० |
| ६. | रुकुम | २८.५ | ०.० | १८.७ | ३७४.० |
| ७. | म्याग्दी | १०.० | ०.० | १३.० | २६०.० |
| ८. | मनाङ* | ०.० | १.० | १७३.८ | ३४७६.० |
| ९. | गोरखा | ०.० | ०.५ | ६.५ | १३०.० |
| १०. | सिन्धुपाल्चोक | ०.० | ०.० | १.० | २०.० |
| ११. | संखुवासभा | ०.० | ०.० | ३.० | ६०.० |
| १२. | रसुवा | - | - | - | - |
| | कुल जम्मा | ११८६.० | ११७८.९ | २४५९.२ | ४९१८४.० |

*स्रोत : वन विभाग, वन तथा भू-संरक्षण मन्त्रालय*

* : मनाङको तथ्याङ्क अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाबाट र दार्चुलाको तथ्याङ्क अपिनम्पा संरक्षण कार्यालय एवम् जिल्ला उद्योग वाणिज्य संघबाट प्राप्त ।

२०. वैशाखको अन्तिम सातादेखिको समयलाई यार्सागुम्बा सङ्कलनका लागि अनुकूल मानिन्छ । बर्षात्मा यो माटोमा ढलेर कुहिने भएकोले असार महिनाभित्रमा यसको सङ्कलन गरिसक्नु पर्ने हुन्छ । सङ्कलन पश्चात् यसलाई कम्तीमा दुई दिन खुल्ला हावामा फिजाएर राख्ने गरिन्छ । यार्सागुम्बा सुकाउँदा त्यसमा भएको बाहिरी झिल्ली सुक्ने र माटो पनि झर्ने हुन्छ । त्यसपछि सुकेका यार्सागुम्बालाई राम्रोसँग सफा गरी गुणस्तर अनुसार छुट्याएर बिक्रीका लागि राख्ने गरिन्छ । यार्सागुम्बाको गुणस्तर छुट्याउँदा मुख्यतया ३ वटा कुराहरूलाई आधार लिइन्छ (अन्साब, २०१०) ।

[६] यसै आ.व.देखि लाङटाङ राष्ट्रिय निकुञ्जले पनि स्थानीय वासिन्दालाई यार्सागुम्बा सङ्कलन गर्न अनुमतिपत्र प्रदान गर्न सुरु गरेकोले रसुवा जिल्लालाई पनि समावेश गरिएको छ ।

**तालिका २.२ : यार्सागुम्बाको गुणस्तर**

| विवरण | उत्तम गुणस्तरको यार्सागुम्बा |
|---|---|
| **१. आकार/तौल** | भुसिल्किराको भाग लामो र च्याउको भाग छोटो आकार ८ से.मी.×२ से.मी., तौल ०.८ मिलीग्राम |
| **२. रङ** | बढी सुनौलो तथा चम्किलो |
| **३. खँदिलोपन** ( **compactness**) | पछाडिको भाग थिच्दा खोक्रोपन नभएको |

*स्रोत: देवकोटा (२०१०) ।*

२१. नेपालमा पाइने यार्सागुम्बा मध्ये डोल्पामा पाइने यार्सागुम्बा सबैभन्दा बढी गुणस्तरीय रहेको मानिन्छ । परिणामतः डोल्पामा पाइने यार्सागुम्बाको माग र मूल्य दुबै उच्च रहेको छ ।

२२. नेपालमा पहिलो पटक यार्सागुम्बाको सङ्कलन पोलुनिन् *(Polunin)*, साइकस *(Sykes)* र विलियम्स् *(Williams)* ले सन् १९५२ मा जुम्लाको चाकुरे लेकबाट गरेका थिए । त्यसपछि जडीबुटी विभाग, थापाथली *(DMP, Thapathali)* र निर्मलकुमार भट्टराईले मुगुबाट यसको सङ्कलन गरेको एक अध्ययनमा देखिएको छ (अन्साब, २०१०) । डोल्पामा वि.सं. २०४५ देखि यार्सागुम्बाको कारोवार हुन थालेको हो । त्योभन्दा पहिला स्थानीय वासिन्दालाई यसबारे खासै जानकारी थिएन । वि.सं. २०४५ तिर यार्सागुम्बा प्रति के.जी. रु. ७०० मा बिक्री हुने गर्दथ्यो (अब्दुल्लाह, २०७१) ।

२३. वि.सं. २०६६ सालतिर अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको मूल्य एक्कासी आकासिन पुग्यो । त्यतिखेर यार्सागुम्बाको मूल्य प्रति किलो रु. २ लाख देखि रु. ३.५ लाखसम्म पुग्यो । यो मूल्यले गर्दा स्थानीयवासीहरू यार्सागुम्बा सङ्कलनको लागि निकै आकर्षित हुन पुगे (अब्दुल्लाह, २०७१) । त्यसयता प्रत्येक वर्ष जेठ र असार महिनामा हजारौं मानिसहरू यसको सङ्कलनमा लाग्ने गरेका छन् । अझ कतिपय गाउँहरूमा छोराछोरी सहित गाउँलेहरू सपरिवार नै यार्सागुम्बा सङ्कलन गर्न हिमाली भेकतिर लाग्ने गरेकाले यार्सागुम्बाको सिजनमा विद्यार्थीहरूको अभावमा विद्यालयहरू बन्द हुने गरेका छन् ।

## यार्सागुम्बा सङ्कलन र बिक्रीवितरण सम्बन्धी नीतिगत व्यवस्था

२४. नेपालमा यार्सागुम्बा सङ्कलन र बिक्रीवितरण सम्बन्धमा नीतिगत व्यवस्था प्रथमपटक वन ऐन, २०४९ तथा वन विनियमावली, २०५१ तर्जुमा भएपश्चात मात्र सुरु भएको पाइन्छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । वन नियमावली, २०५१ ले यार्सागुम्बाको पहिचान गरी यसको सङ्कलन कार्यलाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको थियो भने यसको सङ्कलन तथा ओसारपसार गर्नेलाई प्रतिगोटा रु. ५०० जरिवाना लगाउने व्यवस्था गरेको थियो । उक्त प्रतिबन्ध वि.सं. २०५८ सालसम्म कायमै रहेको थियो । वि.सं. २०५८ मा वन नियमावलीमा संशोधन गरी यार्सागुम्बाको सङ्कलन, ओसारपसार र प्रयोगलाई फुकुवा गर्नुका साथै यार्सागुम्बाको राजस्व प्रति के.जी. रु. २० हजार निर्धारण गरिएको थियो । साथै यार्सागुम्बालाई प्रशोधन नगरी कच्चा रूपमा विदेश निर्यात गर्न रोक लगाइएको थियो । यद्यपि, यार्सागुम्बाको प्रशोधन सम्बन्धी व्याख्या स्पष्ट नभएको हुँदा वि.सं. २०६१ मा विना प्रशोधन पनि विदेश निर्यात गर्न पाइने व्यवस्था कायम गरियो । त्यस्तै वि.सं. २०६२ मा यार्सागुम्बाको राजस्व घटाएर प्रति के.जी. रु. १० हजार कायम गरियो । वि.सं. २०७२ कार्तिकदेखि लागू हुने गरी हाललाई यार्सागुम्बाको राजस्वको दर रु.२५ हजार कायम गरिएको छ ।

२५. यार्सागुम्बाको सङ्कलन नेपालभित्र मुख्यतः वन विभाग अन्तर्गतका वन क्षेत्र र निकुञ्ज/आरक्षण अन्तर्गतका संरक्षित क्षेत्रहरूबाट हुने गर्दछ । वन क्षेत्रबाट यार्सागुम्बा सङ्कलन गर्न चाहनेले सम्बन्धित जिल्ला वन कार्यालय तथा संरक्षित क्षेत्रबाट सङ्कलन गर्न चाहनेले सम्बन्धित संरक्षण कार्यालयबाट अनिवार्य रूपमा सङ्कलन अनुमतिपत्र लिनुपर्ने व्यवस्था रहेको छ (वन तथा भू-संरक्षण मन्त्रालय,

२०७१) । हिमाली राष्ट्रिय निकुञ्ज नियमावली पहिलो संशोधन २०७१ ले निकुञ्ज क्षेत्रबाट यार्सागुम्बा सङ्कलन गर्दा लाग्ने दस्तुर तीन किसिमको निर्धारण गरेको छ । यस अनुसार यार्सागुम्बा सङ्कलनको अनुमतिको लागि प्रति व्यक्ति प्रति पुर्जीको शुल्क निकुञ्जका मध्यवर्ती क्षेत्रका बासिन्दाहरूका लागि रु. ५००, मध्यवर्ती क्षेत्र बाहेक निकुञ्ज रहेको जिल्लाका वासिन्दाहरूका लागि रु. २००० र निकुञ्ज रहेको जिल्ला बाहेकका अन्य जिल्लाका वासिन्दाहरूका लागि रु. ३००० तोकिएको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) ।

२६. यार्सागुम्बाको सङ्कलन पश्चात नियमानुसार लाग्ने राजस्व भुक्तान गरी सम्बन्धित वन कार्यालय वा निकुञ्ज कार्यालयबाट छोडपुर्जी लिएर मात्र नेपालभित्र ओसार पसार गर्न पाइने व्यवस्था रहेको छ । नेपालबाट यार्सागुम्बा विदेश निर्यात गर्दा उत्पत्तिको प्रमाणपत्रको शुल्कको रूपमा प्रति केजी रु. ५०० उद्योग वाणिज्य संघलाई बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

२७. यार्सागुम्बाको सङ्कलन सम्बन्धमा राष्ट्रिय स्तरका नीतिगत व्यवस्थाका अतिरिक्त स्थानीय स्तरमा थप नीतिगत व्यवस्थाहरू रहेका छन् । यस्ता व्यवस्थाहरूमा एकरूपता रहेको छैन र समयसमयमा परिवर्तन भइरहेको पनि देखिन्छ । स्थानीय स्तरमा जिल्ला विकास समिति, स्थानीय समुदाय, विभिन्न समूह (क्लब) हरूले पनि अनुमति पत्र दिने र वन प्रवेश शुल्क लगाउने गरेको पाइन्छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) ।

## यार्सागुम्बा सङ्कलन सम्बन्धी स्थानीय तहका नीतिगत व्यवस्था

२८. यार्सागुम्बा सङ्कलकले आफूले यार्सागुम्बा सङ्कलन गर्न जाने स्थान र सङ्कलन गर्ने परिमाण उल्लेख गरी जिल्ला वन कार्यालयमा सङ्कलन अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । साधारणतयाः यार्सागुम्बा व्यापारी वा मेठ (ठेकेदार)ले यस्तो अनुमतिपत्र लिने र सोको प्रतिलिपि लिएर सङ्कलकहरू यार्सागुम्बाका पाटनहरूमा जाने गर्दछन् । सङ्कलन भइसकेपछि जिल्ला वन कार्यालयबाट खटाइएका इलाका वन कार्यालयका प्रतिनिधि घाटगद्दीमा गई संकलित यार्सागुम्बाको जाँच तौल गरी मुचुल्का बनाउने गरिन्छ । सो मुचुल्काको आधारमा प्रति के.जी. रु. १०,०००।- राजस्व असुल गरी निकासीका लागि छोडपुर्जी जारी गर्ने व्यवस्था रहेको छ (क्षत्री, २०६८) ।

२९. संरक्षण क्षेत्र तथा निकुञ्जहरूमा यार्सागुम्बा सङ्कलनका लागि अनुमति प्रदान गर्न भिन्दाभिन्दै प्रवेश शुल्कको व्यवस्था समेत रहेको पाइन्छ । मनाङ जिल्लाको अन्नपूर्ण क्षेत्र आयोजना अन्तर्गत संरक्षण क्षेत्र व्यवस्थापन समितिले आ.व. २०७०/७१ देखि यार्सागुम्बा सङ्कलन गर्न प्रवेश शुल्क लिने व्यवस्था अन्तर्गत सङ्कलन गर्न जाने व्यक्ति स्थानीय वासिन्दा भएमा गा.वि.स. अनुसार रु. ३,०००।- देखि रु. १०,०००।- सम्म पुर्जी वापत दस्तुर उठाउने गरेको छ । त्यस्तै गरी अन्य जिल्लाबाट आएको भएमा गा.वि.स. अनुसार रु. ५,०००।- देखि रु. २०,०००।- सम्मको दस्तुर उठाउने व्यवस्था गरिएको छ ।

३०. जिल्ला विकास समिति बझाङले आ.व. २०७०/७१ देखि यार्सागुम्बा सङ्कलन गर्न पाटनमा प्रवेशको लागि जाने व्यक्ति सोही गा.वि.स. को वासिन्दा भएमा रु. ३००।-, छिमेकी गा.वि.स. को भएमा रु. ५००।- र अन्य गाविसबाट आएको भएमा रु. १,०००।- दस्तुर उठाउने व्यवस्था गरेको छ । वि.सं. २०६९ देखि डोल्पामा उत्पादित यार्सागुम्बाको लागि व्यापारीलाई डोल्पा उद्योग वाणिज्य संघ र जि.वि.स.ले संयुक्त रूपमा प्रति केजी रु. ५००।- शुल्क लिई उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) प्रदान गर्ने गरेको छ । यसरी सङ्कलन गरेको शुल्क मध्ये ६० प्रतिशत रकम उद्योग वाणिज्य संघलाई र बाँकी ४० प्रतिशत रकम जि.वि.स.लाई प्राप्त हुने व्यवस्था छ । जिल्ला विकास समिति, जुम्लाले आ.व. २०७०/७१ देखि लागू हुने गरी यार्सागुम्बामा स्थानीय व्यापारीहरूसँग स्थानीय करको रूपमा एक मौसमका लागि रु. ३,०००।- सङ्कलन गर्ने गरेको पाइन्छ ।

## यार्सागुम्बाको बजार

३१. यार्सागुम्बा करिब पन्ध्र सय वर्षअघि तिब्बती गोठालाहरू मार्फत पत्ता लागेको भए तापनि यसको व्यापारिक महत्व सन् १९९३ को विश्व एथलेटिक्स च्याम्पियनसीप पश्चात् मात्र एकाएक बढेको पाइन्छ । उक्त च्याम्पियनसिपमा चाइनिज एथलिटहरूले दौड प्रतियोगितामा थुप्रै विश्व किर्तिमानहरू कायम गरेका थिए । ती एथलिटहरूले यार्सागुम्बालाई टनिकको रूपमा सेवन गर्ने गरेको कुरा प्रचारमा आएपश्चात् विश्वबजारमा यसको माग निरन्तर रूपमा बढ्दै आएको पाइन्छ (श्रेष्ठ, २०१३) ।

३२. यार्सागुम्बाको प्रमुख बजार चीन र तिब्बत हुन् । हाल यार्सागुम्बाको बजार कोरिया, ताइवान, हडकङ, बर्मा, थाइल्याण्ड, सिंगापुर, जापान, बेलायत र अमेरिका आदि देशहरूमा पनि फैलिएको छ । विश्वमा यार्सागुम्बाको कुल उत्पादन ८३ देखि १८३ मेट्रिक टन रहेको अनुमान छ (व्डिनकिलर, २००७) । उक्त अध्ययनले चीन, भारत, भुटान र नेपालमा क्रमशः ८०-१७५ मे.टन, १.७-२.८ मे.टन, ०.५-१.५ मे.टन र १-३.२ मे.टन यार्सागुम्बा उत्पादन गरेको अनुमान गरेको छ । यस अनुसार यार्सागुम्बाको कुल विश्व उत्पादनमा नेपालको अंश करिब २ प्रतिशत रहेको भए तापनि नेपाल यार्सागुम्बाको दोस्रो ठूलो उत्पादक राष्ट्र रहेको देखिन्छ ।

३३. अहिलेको समयमा यार्सागुम्बा विश्वको सर्वाधिक बहुमूल्य जैविक वस्तु हो (स्टोन, २००८) । सबैभन्दा उच्च गुणस्तरको यार्सागुम्बाको मूल्य मार्च २०१२ मा चीनमा प्रति के.जी. १ लाख अमेरिकी डलरसम्म पुगेको थियो (एजल समाचार, २०१२) भने सिंगापुरमा प्रति के.जी. १ लाख ३० हजार अमेरिकी डलरसम्म पुगेको थियो (लेङ्ग, २०१२) । यद्यपि, त्यस समयमा सुनको मूल्य प्रति के.जी. ६८ हजार डलर मात्र थियो । अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको खुद्रा मूल्य औसतमा प्रति के.जी. ४५ हजार देखि ९० हजार अमेरिकी डलरसम्म रहेको पाइन्छ (लेङ्ग, २०१२) । यार्सागुम्बाको वार्षिक विश्वबजार ५ देखि ११ अर्ब अमेरिकी डलर बराबर रहेको अनुमान छ (श्रेष्ठ, २०१३) ।

३४. नेपालमा यार्सागुम्बाको मूल्य, सङ्कलन प्रणाली, बिक्रीवितरण र निर्यात कार्य त्यति पारदर्शी रहेको पाइँदैन । यार्सागुम्बाको बजार प्रणाली अझै पनि धेरै अनौपचारिक प्रकृतिको रहेको छ । व्यापारको लागि प्रयोग गरिएको च्यानल अनुरूप यसको मूल्य सङ्कलनकर्ता, थोक व्यापारी र निर्यातकर्ता पिच्छे फरक रहेको पाइन्छ । साथै गुणस्तर अनुसार यसको मूल्य फरक पर्ने गर्छ । गत वर्ष चीनमा २००० गोटाले किलो पुग्ने यार्सागुम्बाको मूल्य रु ३० लाख, ३००० गोटाले किलो पुग्नेको रु. २० लाख र ४००० गोटाले किलो पुग्नेको रु. १० लाख रहेको थियो (विक्ली नेपाल, २०७२) । यार्सागुम्बाको मूल्यमा वर्षैपिच्छे धेरै उतारचढाव भएको पाइन्छ । यार्सागुम्बाको मूल्य मुख्यतयाः चिनिया व्यापारीले दिन चाहेको मूल्यका आधारमा निर्धारण हुने भएकोले अघिल्लो वर्षको तुलनामा यस वर्ष कतिपय व्यापारीहरूले सङ्कलकलाई दिन प्रतिवद्धता गरेको मूल्य समेत प्राप्त गर्न नसकी घाटा व्यहोर्नु परेको छ (विक्ली नेपाल, २०७२) ।

३५. यार्सागुम्बा प्राकृतिक क्षेत्रबाट मात्र सङ्कलन गर्न सकिने वन पैदावार भएकोले यसको बजार प्रणाली सङ्कलनकर्ताबाट सुरु हुन्छ । सङ्कलनकर्ताहरूले आफूले जम्मा गरेको यार्सागुम्बा स्थानीय व्यापारीलाई बेच्ने गर्छन् । क्षेत्रीय स्तरका थोक व्यापारीहरूले स्थानीय व्यापारीसँग यार्सागुम्बा खरिद गरी निर्यातकर्तालाई बेच्ने गर्छन् । काठमाडौं तथा तिब्बतबाट आएका एजेन्टहरूले स्थानीय बजारबाट यार्सागुम्बा खरिद गर्ने गर्छन् । त्यस्तै स्थानीय एजेन्टहरूले सङ्कलनकर्ताहरूसँग खरिद गरी तिब्बतको सिमानामा पुऱ्याई तिब्बती एजेन्टलाई बिक्री पनि गर्ने गर्छन् । यसरी अवैध तरिकाले तिब्बततर्फ निकासी भएको यार्सागुम्बाको परिमाण उल्लेख्य रहेको छ (अन्साब, २०१०) । चीनमा यार्सागुम्बाबाट शक्तिवर्धक जडिबुटीका साथै विभिन्न किसिमका खाद्यवस्तु बनाइने भएकाले चीनमा यसको अत्याधिक माग रहेको देखिन्छ (अब्दुल्लाह, २०७१) । कतिपय सङ्कलनकर्ताहरू स्वयं तिब्बतको सिमानामा लगि तिब्बती एजेन्टलाई पनि बिक्री गर्ने गर्छन् (अन्साब, २०१०) । नेपालमा सङ्कलन हुने यार्सागुम्बा सबै जसो निर्यात हुने अनुमान रहेको र सङ्कलन समेत अधिकांश अनौपचारिक तबरले हुने अनुमानको

आधारमा नेपालबाट वार्षिक ५००० के.जी. यार्सागुम्बा निकासी हुने अनुमान गरिएको छ (अब्दुल्लाह, २०७१)।

## यार्सागुम्बाले पारेको आर्थिक एवम् सामाजिक प्रभाव

३६. यार्सागुम्बाको अनौपचारिक सङ्कलन, व्यापार एवम् निर्यात समेत हुने गरेकाले यसको स्पष्ट अभिलेखको अभाव छ । फलस्वरूप यसले राष्ट्रिय अर्थतन्त्रमा एवम् स्थानीय स्तरमा गरेको योगदान यकिन गर्न कठिनाइ रहेको छ । तथापि प्रत्येक वर्ष यार्सागुम्बा सङ्कलन तथा बिक्री वितरणप्रति उच्च पहाडी तथा हिमाली भेगका जनताको बढ्दो आकर्षणलाई मध्यनजर गर्दा यार्सागुम्बाको अर्थतन्त्रमा योगदान बढ्दो रहेको अनुमान गर्न सकिन्छ । केही पूर्व अध्ययनहरूले समेत यार्सागुम्बाले उच्च पहाडी भेग तथा हिमाली भेगका कैयौं वासिन्दाहरूको जीवनस्तरमा ठूलो परिवर्तन ल्याउन र सो क्षेत्रका स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउन उल्लेख्य भूमिका खेलेको कुरा औंल्याएका छन् । यद्यपि, यार्सागुम्बाको उत्पादनको तुलनामा सङ्कलनमा देखिएको उच्च चापका कारण कैयौं सामाजिक बेथितिहरू, पर्यावरणमा प्रतिकूल असर, शान्तिसुरक्षामा चुनौती जस्ता नकारात्मक प्रभावहरू पनि देखिएका छन् ।

### क) राजस्वमा प्रभाव

३७. यार्सागुम्बा सङ्कलनको लागि पाटन प्रवेश शुल्कका माध्यमबाट प्रत्येक वर्ष हिमाली जिल्लाका स्थानीय स्तरमा उल्लेख्य राजस्व सङ्कलन हुने गरेको छ । त्यस्तै सङ्कलित यार्सागुम्बा निकासीको लागि छोडपुर्जी बनाउँदा प्रति केजी रु. १०,०००।- को दरले राजस्व लाग्ने हुन्छ । अनौपचारिक तबरले हुने यार्सागुम्बाको कारोवारलाई औपचारिक माध्यमभित्र ल्याउन सकेमा यार्सागुम्बाबाट राज्यले उल्लेख्य राजस्व हासिल गर्न सक्ने देखिन्छ । विद्यमान राजस्व दर धेरै वर्षदेखि पुनरावलोकन नभएको र यार्सागुम्बाको अन्तर्राष्ट्रिय मूल्य बढ्दै गएको परिप्रेक्ष्यमा यसको राजस्व दर बढाउन उपयुक्त हुने सुझाव समेत प्राप्त हुने गरेको छ । वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) ले यार्सागुम्बाको राजस्व दर वृद्धि गरी प्रति के.जी. रु. २५०००।- कायम गर्नुपर्ने र सो दर प्रत्येक दुई-दुई वर्षमा पुनरावलोकन गर्नुपर्ने एवम् यार्सागुम्बाबाट उठेको राजस्वको निश्चित अंश यार्सागुम्बा सङ्कलन समयको अनुगमन र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन खर्च गर्नुपर्ने सुझाव दिएको छ ।

**तालिका २.३ : यार्सागुम्बाले राजस्वमा पारेको योगदान**

| आर्थिक वर्ष | रकम (रु.लाखमा) |
|---|---|
| २०६८।६९ | ५१.१ |
| २०६९।७० | ११७.९ |
| २०७०।७१ | २४५.९ |
| २०७१।७२ | - |

### ख) आय, रोजगारी तथा पूर्वाधारमा योगदान

३८. यार्सागुम्बा सङ्कलनको लागि हरेक वर्ष डोल्पामा मात्रै चालिस हजारभन्दा बढी मानिसहरू सङ्कलनका लागि जाने र उनीहरू सरदर तेह्र दिन सङ्कलन क्षेत्रमा बस्ने गरेको देखिएको छ (क्षत्री, २०७१) । वि.सं. २०७१ सालमा मात्रै औपचारिक तवरले नै यार्सागुम्बा सङ्कलन गर्न डोल्पा जिल्लामा ५३ हजार जना प्रवेश गरेका छन् (अनलाइन, २०१४) । यस्तै दार्चुलामा यस वर्ष सङ्कलकहरूको सङ्ख्या २५ हजारभन्दा बढी रहेको अनुमान छ (मेरो लगानी, २०७२) । आर्थिक वर्ष २०७०/७१ मा रुकुममा मात्रै २० हजारभन्दा बढी मानिसहरू यार्सागुम्बा सङ्कलन गर्न गएका छन् (दि हिमालयन टाइम्स, २०१४) । यसैगरी जुम्ला, मनाङ्ग, दार्चुला, लगायत यार्सागुम्बा पाइने दर्जनौं ठाउँमा हरेक वर्ष हजारौंको सङ्ख्यामा मानिसहरू यार्सागुम्बा सङ्कलन गर्न जान्छन् । यसरी यार्सागुम्बाका कारण न्यून आय भएका, पिछडिएका, दलित, जनजाति सहित धेरैलाई आंशिक रोजगारी सृजना भएको देखिन्छ ।

३९. साथै, यार्सागुम्बा सङ्कलकहरूका लागि खाद्य तथा अन्य सामग्री आपूर्ति, होटल व्यवसाय तथा व्यापारको सिलसिलामा पनि उल्लेख्य रोजगारी सृजना भएको देखिन्छ । यार्सागुम्बाको आम्दानीले हिमाली क्षेत्रका

वासिन्दाका लागि आवश्यक खाद्यान्न सामग्री खरिद, भौतिक पूर्वाधार निर्माण तथा शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । हालको प्रतिगोटा यार्सागुम्बाको औसत मूल्य रु. ८ सयका हिसाबले पनि प्रतिव्यक्ति दैनिक नौ हजार दुई सय आय आर्जन गर्ने देखिएको छ (क्षत्री, २०७१) । प्रत्येक सङ्कलकले औसत वार्षिक रु १ लाख २० हजार आय आर्जन गर्ने देखिन्छ भने औसत परिवार सङ्ख्या पाँच जनाको हिसाबले पनि यार्सागुम्बा सङ्कलन तथा व्यापारबाट मात्रै प्रतिपरिवार वार्षिक करिब रु. ६ लाख आम्दानी गर्ने देखिन्छ (क्षत्री, २०७१) । यसरी यार्सागुम्बाले ग्रामीण जीवनस्तर उकास्न सकारात्मक भूमिका खेलेको देखिन्छ ।

४०. यार्सागुम्बाका कारण हिमाली जिल्लाका सदरमुकामहरू र गाँउहरूमा समेत घर घडेरीको मूल्य उल्लेख्य रूपले बढेको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । यार्सागुम्बाको सङ्कलन गर्न पाटनमा प्रवेश गर्न लाग्ने दस्तुर उठाएर स्थानीय निकायहरूले पनि राम्रो आम्दानी गरेको देखिन्छ र तदनुरूप स्थानीय स्तरमा विकास निर्माणका केही कामहरू पनि भएको छ । उदाहरणको लागि मनाङ जिल्लाको टंकीमनाङ गाउँमा स्थानीय निकायले यार्सागुम्बा सङ्कलनको लागि पुर्जी दिएवापत उठाएको रु ३ करोड उपयोग गरी एक सय ६० किलोवाट क्षमताको मनाङ सामुदायिक लघु जलविद्युत् आयोजना निर्माण समेत गरिएको छ (नागरिक न्यूज, २०७०) ।

**ग) ग्रामीण अर्थतन्त्रको मौद्रिकीकरण**

४१. यार्सागुम्बा सङ्कलनका महिनाहरूमा हिमाली जिल्लाका सदरमुकामहरूमा आर्थिक गतिविधिमा एक्कासी विस्तार आउने गर्दछ । यार्सागुम्बाको सङ्कलनका लागि विभिन्न ठाउँबाट आएका हजारौं मानिसहरू हिमालतर्फ यार्सागुम्बा टिप्न जानुअघि सदरमुकाममा बन्दोवस्तीका सामानहरू किन्ने गर्छन् । त्यसैगरी काठमाडौं लगायत तिब्बतबाट व्यापारीहरू तथा तिनका एजेन्टहरू यार्सागुम्बा खरिद गर्न सदरमुकाममा आउने गर्छन् । सदरमुकाममा यार्सागुम्बाको ठूलो परिमाण र मूल्यको कारोवार हुने तथा अन्य आर्थिक गतिविधिमा विस्तारका कारण ठूलो मात्रामा नगद कारोवार हुने गर्दछ । त्यसकारण अन्य महिनाहरूको तुलनामा यार्सागुम्बाको मौसममा सदरमुकाम स्थित बैंकहरूले नेपाल राष्ट्र बैंकबाट बढी परिमाणमा नगद माग गर्ने गर्छन् । नेपाल राष्ट्र बैंकको विगत तीन वर्षको फण्ड ट्रान्सफर तथ्याङ्क तालिका २.५ मा प्रस्तुत यार्सागुम्बाको सङ्कलनको सिजन आर्थिक वर्षको अन्त्यतिर पर्ने हुँदा फण्ड ट्रान्सफर बढी हुने हुन्छ । उदाहरणको लागि यार्सागुम्बाको अधिक कारोवार हुने डोल्पामा तुलनात्मक रूपले बढी ट्रान्सफर भएको देखिएकोले यार्सागुम्बा कै कारण यसो भएको निष्कर्ष निकाल्न सकिन्छ । तसर्थ यार्सागुम्बाको बढ्दो कारोबारले ग्रामीण अर्थतन्त्रको मौद्रिकीकरणमा समेत महत्वपूर्ण भूमिका खेलेको अनुमान गर्न सकिन्छ ।

**तालिका २.४ : फण्ड ट्रान्सफर विवरण** (रकम रु.करोडमा)

| | डोल्पा | जूम्ला | दार्चुला | बझाङ्ग | मनाङ्ग |
|---|---|---|---|---|---|
| **वैशाख-असार** | ७६.७ | १३.३ | ३१.७ | १५.० | १८.७ |
| **बाँकी नौ महिना** | २३.३ | १०.० | ४०.० | २१.७ | ६.७ |
| **कुल** | १००.० | २३.३ | ७१.७ | ३६.७ | २५.३ |

**घ) सामाजिक प्रभाव**

४२. यार्सागुम्बाको सङ्कलनबाट हिमाली तथा उच्च पहाडी भेगका वासिन्दाहरूको आयआर्जन तथा रोजगारीका अवसरहरूमा अभिवृद्धि भएको पाइन्छ । त्यस्तै, पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाहरू लगायत आर्थिक क्रियाकलापमा विस्तार भएको पाइन्छ । यद्यपि, यार्सागुम्बाको बढ्दो सङ्कलनसँगै उच्च पहाडी तथा हिमाली भेगमा शिक्षा, स्वास्थ्य तथा शान्ति सुरक्षाको स्थितिमा प्रतिकूल प्रभाव पनि पर्ने गरेको छ । कतिपय विद्यालयका विद्यार्थीहरू र शिक्षकहरू समेत उल्लेख्य सङ्ख्यामा यार्सागुम्बाको सङ्कलनमा जाने गर्दा जेठ-असारमा विद्यालय नै बन्द हुने गरेको पाइन्छ ।

४३. उच्च हिमाली भू-भागमा यार्सागुम्बा खोज्दै गर्दा भीरबाट लड्ने तथा हिउँको दरारहरूमा परेर धेरैले ज्यानै गुमाएका घटनाहरू पनि छन् । कतिपय गाउँलेहरू उच्च हिमाली भेगमा कैयौं हप्ता यसको खोजी गर्दा रित्तै हात फर्कन परेका पनि छन् भने हिउँले पुरिएको चिसो माटोमा कुहिनाले टेक्दै खोस्र्दै यार्सागुम्बा खोज्दा चिसो र लेक लागेर बिरामी पर्ने गरेका छन् । कतिपय यार्सागुम्बा सङ्कलक तथा गाउँलेहरू Snow Blindness, जोर्नी दुख्ने तथा श्वासप्रश्वासको समस्या लिएर फर्कने गरेका छन् भने कतिपयले निकै बिरामी परेर एवम् स्वास्थ्य उपचार उपलब्ध नहुँदा ज्यानै समेत गुमाउने गरेका छन् ।

४४. यार्सागुम्बा सङ्कलनको कारण कतिपय गाउँलेहरूबीच भैँ-झगडा हुने गरेको छ । बाहिरी जिल्लाबाट आउने सङ्कलनकर्ता र स्थानीयबीच पटक-पटक झडपहरू हुने गरेको छ । जुन २००९ मा गोर्खाबाट यार्सागुम्बा सङ्कलन गर्न मनाङ आएका सात जना युवाहरूलाई स्थानीय वासिन्दाहरूले मनाङको नार गा.वि.स.मा अत्यन्त क्रूरताका साथ हत्या गरेर भीरबाट फालेका थिए । लगत्तै त्यसमा संलग्न ३६ जना गाउँलेहरूलाई प्रहरीले समातेको थियो । आ.व. २०७०/७१ मा डोल्पा र रुकुम जिल्लामा यार्सागुम्बाकै कारणबाट आपराधिक क्रियाकलापमा वृद्धि भएको थियो (दि हिमालयन टाइम्स, २०१४) । असुरक्षा कै कारणले गर्दा रु. २० हजार देखि रु. ५० हजारसम्म खर्च गरी यार्सागुम्बा सङ्कलन गर्न गएका कतिपय व्यक्तिहरू बीचैबाट फर्केका थिए । बढ्दो असुरक्षाका कारण कतिपय सङ्कलनकर्ताहरू आ-आफ्नो समूह बनाई हातहतियार सहित यार्सागुम्बा सङ्कलन गर्न जाने गरेको पाइएका छन् ।

वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) ले गरेको अध्ययनले पनि यार्सागुम्बाको बढ्दो सङ्कलनले सङ्कलकहरूबीच भैँझगडा बढ्ने र हत्या हिंसा वृद्धि भएको, वन्य जन्तुको चोरी सिकारी बढेको, पाटन क्षेत्र मा जुवातास र मदिरा सेवनको संस्कृति समेत बढेको कुरा पुष्टि गरेको छ ।

## यार्सागुम्बाको दिगो उपयोगमा देखिएका चुनौतीहरू

४५. यार्सागुम्बाको बढ्दो एवम् अव्यवस्थित सङ्कलनका कारण वन स्रोतको अत्यधिक दोहन एवम् वातावरणीय प्रदूषण समेत बढेको र यस्ता प्रतिकूल प्रभावहरू झन् झन् जटिल हुँदै गएको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । यसका कारण यार्सागुम्बाको दिगो उपयोग सङ्कटमा पर्न गएको छ । विशेष गरी चार प्रमुख कारकतत्वहरूले गर्दा यार्सागुम्बाको दिगो उपयोग सङ्कटमा परेको हो (श्रेष्ठ, २०१३) ।

(क) यार्सागुम्बा उत्पादन हुने उच्च हिमाली क्षेत्रमा स्थानीय वासिन्दाद्वारा गाइवस्तु चराउनु ।

(ख) जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि हुनु र पूर्वी हिमालयमा हिउँको मात्रा घट्दै जानु ।

(ग) होस्ट बिरुवाको गिरावट एवम् हानीका कारण मोथ तथा लार्भाको जनसङ्ख्यामा कमी हुनु ।

(घ) सङ्कलनकर्ताहरूका कारणबाट माटोमा रहेको Fungal Spores मैत्री सूक्ष्म कीटाणुहरूमा परिवर्तन हुनु ।

४६. देवकोटा (२००८) का अनुसार जङ्गलका काठदाउराको अत्यधिक उपयोग र जङ्गलमा आगो लगाउने कार्य (यार्सागुम्बाको उच्च उत्पादन, व्यवस्थित चरन विकास गर्ने उद्देश्यले) र हजारौंको सङ्ख्यामा मानिसहरूले यार्सागुम्बाको वासस्थान टेक्ने, खन्ने र खोस्रने कार्यले यार्सागुम्बाको संरक्षणमा ठूलो चुनौती थपिएको छ । यार्सागुम्बाको संरक्षण नगरी जथाभावी सङ्कलन गर्ने हो भने यो विस्तारै हराउँदै जाने हुन्छ र यसले ठूलो पर्यावरणीय सङ्कट समेत ल्याउन सक्छ । यार्सागुम्बा लोप भएमा लार्भा र मोथको जनसङ्ख्या जथाभावी बढ्न गई हिमाली क्षेत्रको संवेदनशील पर्यावरणमा प्रतिकूल असरहरूका श्रृङ्खला बढ्न सक्छन् ।

४७. सन् २०१३ को एक अध्ययनले विगत केही वर्षयता नेपालमा यार्सागुम्बाको प्रति एकाइ उत्पादन घट्दो क्रममा रहेकोले यसको दिगो व्यवस्थापनको लागि तत्काल कदम चाल्न आवश्यक रहेको कुरा औंल्याएको छ (श्रेष्ठ, २०१३) । उक्त अध्ययनले यार्सागुम्बाका २०३ जना सङ्कलक र २८ जना व्यापारीसँगको अन्तरवार्ता एवम् अन्तरक्रियाबाट प्राप्त जानकारीलाई विश्लेषण गरी करिब ९५ प्रतिशत

उत्तरदाताले बढ्दो सङ्कलनका कारण यार्सागुम्बाको उपलब्धता विस्तारै घट्दै गइरहेको र ६७ प्रतिशत उत्तरदाताले यार्सागुम्बाको वर्तमान सङ्कलन अभ्यास दिगो नरहेको धारणा व्यक्त गरेको निष्कर्ष निकालेको थियो ।

४८. देवकोटा (२००८) को अध्ययनले यार्सागुम्बाको दिगो उपयोगमा जथाभावी सङ्कलनका कारण चुनौती थपिएको निष्कर्ष निकाल्दै यार्सागुम्बाको व्यवस्थापन सुधार गर्न स्थानीयहरूको सहभागितामा पाटन क्षेत्रको व्यवस्थापन, वातावरणीय प्रदूषणको नियन्त्रण, वातावरणीय जगेर्ना शिक्षा कार्यक्रम, यार्सागुम्बाको स्रोत सर्वेक्षण तथा नक्साङ्कन, पाटन क्षेत्रमा मानिस तथा घरपालुवा जनावरको चाप व्यवस्थापन गर्न आवश्यक रणनीति तथा कार्यहरू सुझाव पेश गरेको थियो ।

४९. वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) का अनुसार यार्सागुम्बाको सङ्कलनलाई व्यवस्थित गर्न पाटन क्षेत्र पहिचान गरी त्यसको Carrying Capacity (प्रति वर्ग कि.मी. निश्चित सङ्ख्या) निर्धारण गरी सो अनुसार सङ्कलनमा प्रवेश दिनुपर्ने, सङ्कलकको उमेर हद १८-६० वर्ष तोक्नुपर्ने, सङ्कलक परिचय पत्र अनिवार्य गर्नुपर्ने र सो लिँदा यार्सागुम्बाको दिगो सङ्कलन सम्बन्धी २-३ घण्टाको अभिमुखीकरण कक्षा दिनुपर्ने, प्रवेश शुल्कमा एकरूपता कायम गर्नुपर्ने र बाह्य सङ्कलकको सङ्ख्यालाई सीमित गर्नुपर्ने सुझाव दिइएको छ । यार्सागुम्बाको दिगो सङ्कलनलाई सुनिश्चित गर्न यस सम्बन्धी वैज्ञानिक अनुसन्धानहरू गर्नुपर्ने, यसको व्यापार सम्बन्धी छुट्टै नीति तर्जुमा गरी सङ्कलन, प्रशोधन, प्याकेजिङ र ट्रेडमार्क एवम् प्रमाणीकरणको व्यवस्था गर्नुपर्ने, यार्सागुम्बालाई राष्ट्रिय महत्वको बहुमूल्य जडीबुटी घोषणा गरी यसका सरोकारवालाहरू स्पष्ट पहिचान गरी तिनीहरूको स्पष्ट भूमिका र कर्तव्य निर्धारण गर्नुपर्ने कुरा सुझाव दिएको छ ।

# परिच्छेद ३ : स्थलगत सर्वेक्षणको नतिजा

५०. यार्सागुम्बाको अधिक सङ्कलन तथा बिक्री वितरण हुने हिमाली तथा उच्च पहाडी जिल्लाहरू मध्ये सर्वेक्षणमा समेटिएका पाँच केन्द्रमा स्थलगत सर्वेक्षण मार्फत् प्रश्नावलीको माध्यमबाट सोधिएका प्रश्नहरूको जवाफको आधारमा प्राप्त नतिजाहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ । सर्वेक्षणको नतिजामा खास गरी यार्सागुम्बाको सङ्कलन, बिक्री वितरण साथै हिमाली भेगका जनताको आर्थिक तथा सामाजिक क्रियाकलापमा यसले पारेको प्रभावजस्ता विषयहरू समावेश गरिएको छ ।

५१. यार्सागुम्बाको सङ्कलन प्रवृत्तिको विश्लेषण सर्वेक्षणका क्रममा जिल्ला बन कार्यालयहरूबाट प्राप्त तथ्याङ्कको आधारमा गरिएको छ । यार्सागुम्बाको सङ्कलन कार्य शीर्षक अन्तर्गत यार्सागुम्बा सङ्कलनमा जाने वासिन्दाको सङ्ख्या, सङ्कलकको व्यक्तिगत विवरण, सङ्कलन अवधि, सङ्कलनका लागि लाग्ने खर्च, सङ्कलनबाट प्राप्त हुने आय लगायतका विषयहरू समावेश गरिएको छ । सर्वेक्षण केन्द्रका कुल ५० यार्सागुम्बा सङ्कलकहरूलाई प्रश्नावली तथा अन्तरक्रिया मार्फत् प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा उक्त विषयहरूको विश्लेषण गरी नतिजामा पुगिनेछ । यार्सागुम्बाको बिक्री वितरण सम्बन्धी तथ्याङ्क एवम् सूचनाहरू सबै केन्द्रका कूल २५ यार्सागुम्बा व्यापारीहरूबाट लिइएको छ । यार्सागुम्बा व्यापारीबाट प्रश्नावली मार्फत् यार्सागुम्बाको मूल्य निर्धारण प्रक्रिया, मूल्य प्रवृत्ति, पुँजीको स्रोत, ढुवानीको माध्यम, बिक्री तथा आम्दानी लगायत यार्सागुम्बाको माग तथा आपूर्तिको अवस्थाका बारेमा जानकारीको सङ्कलन तथा विश्लेषण गरिएको छ ।

५२. त्यसै गरी यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणले हिमाली क्षेत्रका जनताको आय तथा रोजगारीमा पारेको प्रभाव तथा आर्थिक क्रियाकलापमा देखिएको परिवर्तनका विषयहरूमा यार्सागुम्बा सङ्कलक, व्यापारी तथा जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला विकास समिति तथा संरक्षण क्षेत्र एवम् निकुञ्ज कार्यालय सहित कुल ९३ जना उत्तरदाताहरूको जवाफका आधारमा नतिजा प्रस्तुत गरिएको छ । स्थलगत सर्वेक्षणका क्रममा छलफल तथा अन्तरक्रियामार्फत् यार्सागुम्बा सङ्कलन एवम् बिक्रीवितरणले सृजना गरेका सामाजिक, शैक्षिक, स्वास्थ्य, पर्यावरणीय एवम् शान्ति सुरक्षाका चुनौतीहरू प्रस्तुत गरिएको छ ।

## यार्सागुम्बा सङ्कलन स्थान र परिमाण

५३. नेपालमा समुद्र सतहदेखि ३५४०-५०५० मी. उचाइका घाम पर्ने पहारिला पाटनहरूमा यार्सागुम्बा उपलब्ध हुन्छ । सम्पूर्ण हिमाली तथा उच्च पहाडी जिल्ला र त्यहाँका सबै गा.वि.स.हरूमा यसको उत्पादन सम्भाव्यता छैन । स्थलगत सर्वेक्षणका क्रममा जिल्ला वन कार्यालयहरूबाट प्राप्त जानकारी अनुसार तालिका ३.१ मा उल्लेख गरिए बमोजिमका जिल्ला तथा सो अन्तर्गतका गा.वि.स.हरूबाट यार्सागुम्बा सङ्कलन हुने गरेको पाइयो । यार्सागुम्बाको सङ्कलन

**तालिका ३.१ : यार्सागुम्बा सङ्कलन हुने प्रमुख गाउँ विकास समितिहरू**

| क्र.सं. | जिल्ला | गाउँ विकास समितिको नाम | सङ्ख्या |
|---|---|---|---|
| १. | दार्चुला | ब्यास, घुसा, खण्डेश्वरी, राप्ला, गुल्जर र सितोला | ६ |
| २. | डोल्पा | दुनै, माझफाल, शहरतारा, लाउन, मुकोट र छाटका | ६ |
| ३. | जुम्ला | बुढीचौर, धुमचौर, पाताराशी, डिल्लीचौर, गर्ज्यागकोट, देपाल गाँउ, कार्तिकस्वामी, हाकु, ताम्ती र बुम्रमाडीचौर | १० |
| ४. | बझाङ्ग | सुर्मा, दौलीचौर, दहबगर, लेकगाँउ, सैनपसेला, सुनीकोट, धमेना, दतिला, व्यासी र काँडा | १० |
| ५. | मनाङ्ग | खाङसार, टंकी मनाङ, मनाङ, भ्राका, डावल, घ्यारु, पिसाङ, नार, फू, चामे र ताचे बगरछाप | १२ |

सम्भाव्यता रहेको सीमित गा.वि.स.हरूमा सङ्कलकको वर्षेनी बढ्दो भिड र त्यसबाट सङ्कलन क्षेत्रमा पर्ने पर्यावरणीय असन्तुलनका कारण यार्सागुम्बाको दिगो उत्पादनमा चुनौती सिर्जना भएको पाइन्छ ।

५४. सर्वेक्षणमा समेटिएका पाँच क्षेत्रहरुमा विगत ३ वर्षमा सङ्कलन गरिएको यार्सागुम्बाको परिमाणलाई तालिका ३.२ मा प्रस्तुत गरिएको छ । वन विभागको तथ्यांक अनुसार वि.सं. २०७१ मा नेपालमा औपचारिकरुपमा संकलन भएको कुल २४५९.२ के.जी. यार्सागुम्बामध्ये सर्वेक्षणमा समेटिएका उक्त क्षेत्रहरुको अंश ९५ प्रतिशतभन्दा बढी रहेको पाईन्छ ।

**तलिका ३.२ः संकलन परिमाण (के.जी.)**

| क्र.सं. | विवरण | बझाङ्ग | डोल्पा | मनाङ्ग | जुम्ला | दार्चुला | पाँच क्षेत्रको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | २०६९ | – | ४७२.५ | – | – | ६७५.० | ११४७.५ |
| २. | २०७० | २७४.० | १७१.९ | १ | १०६.९ | ६२४.५ | ११७८.३ |
| ३. | २०७१ | ४२७.० | ६६३.५ | १७३.८ | १४२.० | ९८७.६ | २३९३.९ |

सोतः वन विभाग, वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल सरकार ।

## यार्सागुम्बा सङ्कलन कार्य

५५. स्थलगत सर्वेक्षणमा कुल ५० जना यार्सागुम्बा सङ्कलकबाट यार्सागुम्बा सङ्कलनमा जानेहरूको सङ्ख्या, उनीहरूको व्यक्तिगत विवरण, सङ्कलन अवधि, सङ्कलनका लागि लाग्ने खर्च, यार्सागुम्बा सङ्कलन कार्य अन्तर्गत यार्सागुम्बा सङ्कलन गर्न जानेको प्रवृत्ति, सङ्कलन परिमाण र यार्सागुम्बाको आयका सम्बन्धमा प्रश्नावली मार्फत प्राप्त तथ्याङ्क तथा सूचनाको विश्लेषणका आधारमा देहाय बमोजिम नतिजा प्रस्तुत गरिएको छ :

### सङ्कलनमा जानेको सङ्ख्या

५६. यार्सागुम्बा सङ्कलनका लागि वर्षेनी ठूलो सङ्ख्यामा हिमाली भेगका वासिन्दा सङ्कलन स्थलतर्फ जाने गर्दछन् । स्थलगत सर्वेक्षणका क्रममा वि.सं. २०७१ मा यार्सागुम्बा सङ्कलनका लागि जिल्लावासी र बाहिरि जिल्लाबाट कति मानिसहरू यार्सागुम्बा सङ्कलनका लागि सङ्कलन स्थलतर्फ गएका थिए भन्ने प्रश्नको जवाफ मागिएको थियो । प्राप्त तथ्याङ्क अनुसार पाँच केन्द्रबाट डेढ लाखभन्दा बढी मानिसहरू यार्सागुम्बा सङ्कलन कार्यका लागि गएको पाइयो (तालिका ३.३) । कुल सङ्कलक मध्ये करिब एक तिहाइ अंश बाहिरी जिल्लाबाट जाने गरेको पाइयो । यार्सागुम्बा सङ्कलन गर्न प्रत्येक वर्ष वैशाखको पहिलो हप्तादेखि तयारी स्वरूप दुई/तीन महिनालाई पुग्ने खाद्य सामग्री, लत्ताकपडा आदि बन्दोबस्तीका सामान साथै लिएर सम्भव भएसम्म परिवारका विभिन्न उमेरका सदस्यहरू यार्सागुम्बा सङ्कलन गर्न जाने गरेको पाइन्छ । जिल्लामा कार्यरत

**तालिका ३.३ : वि.स. २०७१ मा यार्सागुम्बा सङ्कलनमा जानेहरूको सङ्ख्या**

| जिल्ला | जिल्लावासी | प्रतिशत अंश | बाहिर जिल्लाका वासी | प्रतिशत अंश | कुल सङ्कलक सङ्ख्या |
|---|---|---|---|---|---|
| **डोल्पा** | ४०८०० | ७२ | १६२०० | २८ | ५७००० |
| **मनाङ** | १२३७ | १८ | ५७६३ | ८२ | ७००० |
| **जुम्ला** | ९७०० | ३७ | १६५०० | ६३ | २६२०० |
| **दार्चुला** | १८९०० | ८६ | ३१०० | १६ | २२००० |
| **बझाङ** | २५००० | ६३ | १५००० | ३८ | ४०००० |
| **कुल** | **९५६३७** | **६३** | **५६५६३** | **३७** | **१५२२००** |

***स्रोतः सर्वेक्षणमा सोधिएको प्रश्नको जवाफमा आधारित ।***

कतिपय स्थानीय कर्मचारी तथा विद्यालय शिक्षक समेत वर्षमा एक/दुई महिनाको विदा लिएर यार्सागुम्बा टिप्न जाने गरेको देखिन्छ ।

**सङ्कलकको व्यक्तिगत विवरण**

५७. सर्वेक्षणमा यार्सागुम्बा सङ्कलकको व्यक्तिगत विवरण र सङ्कलनमा संलग्न परिवार सङ्ख्याका बारेमा सङ्कलकबाट प्राप्त प्रश्नावलीको जवाफका आधारमा सङ्कलक परिवारमा औसत सात जना सदस्यहरू रहेको पाइयो (तालिका ३.४) । त्यस्तै विगत तीन वर्षमा यार्सागुम्बा सङ्कलन गर्न जाने परिवारको सदस्य सङ्ख्या बारेमा प्राप्त नतिजा अनुसार औसतमा २.५ जना परिवारका सदस्यहरू यार्सागुम्बा सङ्कलनमा जाने गरेको देखिन्छ (तालिका ३.५) । जिल्ला सदरमुकाममा गरिएको अन्तरक्रियाबाट पनि यार्सागुम्बाको सङ्कलन कार्यका लागि तीक्ष्ण दृष्टिका कारण वृद्धभन्दा बाल एवम् युवाहरू बढी सक्षम हुने हुँदा कतिपय बासिन्दाहरूले यार्सागुम्बा सङ्कलनकै लागि भए पनि बढी बच्चा जन्माउने चाहना गर्ने भएको र परिवार सङ्ख्या बढ्न गएको सूचना प्राप्त भएको भयो ।


**तालिका ३.४ : उत्तरदाता सङ्कलकको व्यक्तिगत विवरण**

| क्र.सं. | विवरण | औसत् |
|---|---|---|
| १. | उमेर (औसत्) | ३० |
| २. | परिवार सङ्ख्या | ७ |
| ३. | वैवाहिक स्थिति | विवाहित |

**तालिका ३.५ : सङ्कलनमा संलग्न परिवार सङ्ख्या (औषत)**


| क्र.सं. | वर्ष | औसत |
|---|---|---|
| १. | २०६९ | २.३ |
| २. | २०७० | २.७ |
| ३. | २०७१ | २.६ |


५८. यार्सागुम्बा सङ्कलन हुने जिल्लाका अधिकांश घरपरिवारहरू वर्षमा दुई/तीन महिनाका लागि यार्सागुम्बा सङ्कलन गर्न जाने र बाँकी समय कृषि, व्यापार, शिक्षण, पशुपालन, तथा विविध पेशामा संलग्न हुने गर्दछन् । यार्सागुम्बा सङ्कलकलाई उनीहरूको पेसा के हो भनी सोधिएको प्रश्नको जवाफमा सबैभन्दा बढी ३३ प्रतिशत घरपरिवारको पेसा व्यापार व्यवसाय, ३१ प्रतिशतको कृषि, ७ प्रतिशतको शिक्षण, ३ प्रतिशतको पशुपालन र २६ प्रतिशत सङ्कलकको पेसा अन्य वर्गमा रहेको पाइयो (चार्ट ३.१) । अन्य पेसा अन्तर्गत सानातिना होटल व्यवसाय, डोको नाम्लो बुन्ने घरेलु व्यवसाय तथा घर निर्माण गर्ने ज्यामी तथा गिट्टी कुट्ने कार्यहरू रहेका छन् । सङ्कलक परिवार यार्सागुम्बाको नगद आम्दानीबाट जिल्ला सदरमुकाममा नयाँ घर निर्माण गरी विविध पेसामा संलग्न हुने गरेको देखिन्छ ।




**सङ्कलन गर्न जाने प्रवृत्ति**

५९. विगत केही वर्षदेखि जिल्लाका वासिन्दा तथा अन्य जिल्लाबाट पनि ठूलो सङ्ख्यामा यार्सागुम्बा सङ्कलन गर्न जाने प्रवृत्ति बढदै गएको छ । यसै सन्दर्भमा सर्वेक्षणका क्रममा यार्सागुम्बा सङ्कलकसँग उनीहरूको जिल्ला र जिल्लाभन्दा बाहिरका मानिसहरू सङ्कलन कार्यका लागि जाने प्रवृत्ति बढेको, उस्तै रहेको र घट्दो रहेको बारेमा प्रश्नावली मार्फत जानकारी लिइएको थियो । उत्तरदाता मध्ये अधिकांशले यार्सागुम्बाको सङ्कलनका लागि जिल्लाभित्रका वासिन्दा एवम् बाहिरी जिल्ला दुवैबाट मानिसहरू यार्सागुम्बा सङ्कलन गर्न जाने प्रवृत्ति बढ्दो रहेको बताए (चार्ट ३.२ र चार्ट ३.३) ।




६०. यार्सागुम्बा सङ्कलन कार्यबाट सङ्कलकलाई छोटो अवधिमै बढी नगद आम्दानी प्राप्त हुने भएकोले जिल्लाका वासिन्दा र बाहिर जिल्लाबाट पनि ठूलो सङ्ख्यामा मानिसहरू यार्सागुम्बा सङ्कलन कार्यका लागि जाने प्रवृत्ति बढ्ने गरेको अनुमान गर्न सकिन्छ ।

**सङ्कलन अवधि**

६१. यार्सागुम्बा सङ्कलन कार्य वर्षको एक पटक केही महिनाका लागि हुने मौसमी गतिविधि हो । यार्सागुम्बा सङ्कलकसँग सर्वेक्षणका क्रममा उनीहरूले विगत तीन वर्षमा सङ्कलन कार्यका लागि सङ्कलन स्थलमा कति दिन बिताउनु भयो भन्ने प्रश्नको जवाफमा प्राप्त नतिजा अनुसार सङ्कलकले करिब ४५ दिन (डेढ महिना) सो कार्यका लागि बिताउने गरेको पाइयो (तालिका ३.६) । साधारणतया जेठ महिनाको सुरुदेखि असार महिनाको मध्यसम्म यार्सागुम्बा सङ्कलनका लागि उपयुक्त समय रहेको जानकारी प्राप्त भयो । तर विगत केही वर्षदेखि कतिपय सङ्कलकहरू यार्सागुम्बाको वैशाखको सुरुमै टिप्न जाने गर्दा आगामी वर्षहरूमा यार्सागुम्बाको उत्पादन घट्ने सम्भावना देखिन्छ । त्यसैले यार्सागुम्बा सङ्कलन गर्न जानु पूर्व वैशाख महिनामा तयारीका सामानको कारोवारसँगै जिल्ला सदरमुकाममा आर्थिक गतिविधि बढने गरेको समेत पाइन्छ ।

**तालिका ३.६ : सङ्कलनमा बिताएका दिन**

| क्र.सं. | वर्ष | औसत् दिन |
|---|---|---|
| १. | २०६९ | ४४.३ |
| २. | २०७० | ४४.३ |
| ३. | २०७१ | ४५.३ |

**सङ्कलन खर्च**


६२. यार्सागुम्बा सङ्कलकले हरेक वर्ष सङ्कलनसँग सम्बन्धित विभिन्न प्रयोजनका लागि ठूलो धनराशि खर्च गर्ने गर्दछ । सर्वेक्षणमा यार्सागुम्बा सङ्कलकलाई वि.सं. २०७१ मा सङ्कलन अनुमति दस्तुर, खाना तथा वास र अन्य प्रयोजनका लागि गरेको खर्चको अंशका सम्बन्धमा प्राप्त नतिजा अनुसार सङ्कलकले सबैभन्दा बढी ६८.७ प्रतिशत खाना तथा वासमा गरेको पाइयो । त्यस्तै, २३.९ प्रतिशत अन्य शीर्षक र ७.४ प्रतिशत अनुमति दस्तुरमा खर्च गर्ने गरेको पाइयो । अन्य शीर्षक अन्तर्गत औषधि उपचार, मनोरञ्जन तथा भरिया खर्च प्रमुख रहेका छन् ।

**तालिका ३.७ : वि.सं. २०७१ मा सङ्कलनको लागि परिवारको खर्च**

| क्र.सं. | विवरण | खर्च (रु. मा) | अंश (प्रतिशत) |
|---|---|---|---|
| १. | अनुमति दस्तुर (राजस्व) | १६०१० | ७.४ |
| २. | खाना तथा वास | १४९०३३ | ६८.७ |
| ३. | अन्य | ५१८९८ | २३.९ |

६३. यार्सागुम्बा सङ्कलनका क्रममा सङ्कलकले आफूसँग रहेको बचतका अलावा अन्य विविध स्रोतहरू प्रयोग गर्ने गर्दछन् । यार्सागुम्बा सङ्कलकलाई सर्वेक्षणका क्रममा उनीहरूको खर्चको स्रोत जुटाउने माध्यमका बारेमा प्रश्नावली मार्फत जानकारी लिइएको थियो । नतिजा अनुसार सबैभन्दा बढी ५४ प्रतिशत सङ्कलकले आफैसँग रहेको नगद मौज्दात प्रयोग गरी सङ्कलनका लागि खर्च जुटाउने गरेको पाइयो । त्यस्तै, साहूसँग ऋण सापट लिएर जाने २४ प्रतिशत, ठेकेदारबाट पेश्की लिएर जानेमा ११ प्रतिशत र नातेदार वा साथीभाइसँग सरसापट लिएर जानेमा पनि ११ प्रतिशत सङ्कलकले यार्सागुम्बा सङ्कलनका लागि खर्च जुटाउने गरेको देखियो (चार्ट ३.४) ।

**चार्ट ३.४: संकलन खर्च जुटाउने श्रोत**




**सङ्कलन परिमाण र आय**

६४. स्थलगत सर्वेक्षणका क्रममा यार्सागुम्बा सङ्कलकलाई उनीहरूले विगत तीन वर्षमा सङ्कलन गरेको यार्सागुम्बाको परिमाण र सोबाट प्राप्त आयको बारेमा प्रश्नाबली मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो । सर्वेक्षणको नतिजा अनुसार वि.सं. २०६९ मा प्रति परिवारले २४८ ग्राम यार्सागुम्बा सङ्कलन गरेको पाइयो । प्रति परिवारको सङ्कलन परिमाण वि.सं. २०७० मा ४ प्रतिशतले बढेर २५७ ग्राम पुग्यो । यद्यपि, वि.सं. २०७१ मा अघिल्लो वर्षको तुलनामा सङ्कलन परिमाण २२ प्रतिशतले घटेर २०१ ग्राम कायम रहेको पाइयो (तालिका ३.८) । पछिल्ला वर्षहरूमा यार्सागुम्बाको सङ्कलन परिमाण घट्नुमा यार्सागुम्बाको उत्पादनमा आएको गिरावट तथा सङ्कलनका लागि जिल्ला तथा बाहिरी जिल्लाबाट आउने बढ्दो प्रवृत्ति बढी जिम्मेवार रहेको सरोकारवालाहरूसँगको अन्तरक्रियाका क्रममा व्यक्त भएको थियो ।

**तालिका ३.८ : परिवारको सङ्कलन परिमाण (ग्राम)**

| क्र.सं. | वर्ष | जम्मा परिमाण | औसत् परिमाण | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | २०६९ | १२४० | २४८ | - |
| २. | २०७० | १२८४ | २५७ | ४ |
| ३. | २०७१ | १००६ | २०१ | -२२ |

६५. यार्सागुम्बा सङ्कलनको पर्याप्त सम्भाव्यता रहेका जिल्लाका अधिकांश स्थानीयवासीको मुख्य आयस्रोत यार्सागुम्बा बिक्रीबाट प्राप्त आय नै हो । सर्वेक्षणका क्रममा यार्सागुम्बा सङ्कलकलाई उनीहरूले विगत तीन वर्षमा यार्सागुम्बाको बिक्रीबाट प्राप्त आम्दानीका सम्बन्धमा राखिएको प्रश्नको जवाफमा आधारित नतिजालाई तालिका ३.९ मा प्रस्तुत गरिएको छ । नतिजा अनुसारप्रति परिवार औसत आय वार्षिक रु. २ लाख ७७ हजार रहेको पाइयो । त्यस्तै प्रति परिवारको आयलाई सङ्कलनमा संलग्न परिवारले भाग गरी प्राप्त हुने प्रतिव्यक्ति औसत आय वार्षिक रु. १ लाख ३ हजार हुन जाने देखिन्छ । त्यस्तै, यार्सागुम्बा सङ्कलकलाई प्रश्नावली मार्फत उनीहरूको यार्सागुम्बा वाहेक अन्य गतिविधिबाट कति आम्दानी हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरूको सो कार्यबाट प्रति व्यक्ति औसत आम्दानी वार्षिक


**तालिका ३.९ : प्रति व्यक्ति/परिवारको औसत आय**

| क्र.सं. | विवरण | औसत आय वार्षिक (रु. लाखमा) |
|---|---|---|
| १ | प्रति परिवार आय | २.७७ |
| २ | प्रति व्यक्ति आय | १.०३ |
| ३ | यार्सागुम्बा वाहेक प्रति व्यक्ति आय | ०.८२ |

रु. ८२ हजार हुने गरेको पाइयो । उक्त तथ्याङ्कलाई आधार बनाउंदा सङ्कलक परिवारको कुल आयमा यार्सागुम्बाबाट प्राप्त हुने आम्दानीको योगदान ५६ प्रतिशत हुने देखिन्छ ।

**आम्दानीको प्रयोग**

६६. सर्वेक्षणका क्रममा यार्सागुम्बा सङ्कलकलाई उनीहरूले यार्सागुम्बा सङ्कलनबाट प्राप्त आम्दानीको प्रयोग कुन प्रयोगनका लागि गर्नु हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरूको आम्दानीको सबैभन्दा बढी हिस्सा खाद्यान्नमा (४६ प्रतिशत) प्रयोग हुने गरेको पाइयो भने खर्चको दोस्रो ठूलो हिस्सा शिक्षामा २२ प्रतिशत रहेको पाइयो । त्यस्तै स्वास्थ्य उपचार, व्यवसाय सञ्चालन र अन्यतर्फ क्रमश: १० प्रतिशत, ९ प्रतिशत र १३ प्रतिशत अंश खर्च हुने गरेको पाइयो । यार्सागुम्बा सङ्कलनको समयमा प्रमुख खाद्यान्न बाली लगाउन छाडेर धेरै वासिन्दाहरू यार्सागुम्बा सङ्कलन कार्यका लागि जाने गरेकोले यासागुम्बा सङ्कलनबाट प्राप्त आम्दानी नै उनीहरूको जीवन धान्ने प्रमुख स्रोतको रूपमा लिने गरिएको पाइन्छ ।



चार्ट ३.९: यार्सागुम्बाबाट भएको आम्दानीको प्रयोग

## यार्सागुम्बा बिक्रीवितरण

६७. स्थलगत सर्वेक्षणमा समावेश पाँच केन्द्रहरूका कुल २५ यार्सागुम्बा व्यापारीहरू मार्फत यार्सागुम्बाको बिक्री वितरणसँग सम्बन्धित प्रश्नावलीहरू मार्फत तथ्याङ्क तथा जानकारी सङ्कलन गरिएको थियो । यार्सागुम्बाको मूल्य निर्धारण प्रकृया र मूल्य प्रवृत्ति, कारोवारका लागि पुँजीको स्रोत, यार्सागुम्बाको ढुवानी, बिक्री तथा आम्दानी र माग तथा आपूर्तिको अवस्था जस्ता विषयमा केन्द्रित रही प्रश्नावलीको निर्माण गरिएको थियो ।

**मूल्य निर्धारण प्रक्रिया र मूल्य प्रवृत्ति**

६८. यार्सागुम्बाको मूल्य निर्धारण साधारणतया: यार्सागुम्बाको प्रमुख मागकर्ता चिनियाँ व्यापारीले तिर्न चाहेको मूल्य र स्थानीय व्यापारी तथा काठमाडौं लगायतका ठूलो सहरका नेपाली व्यापारीले दिन चाहेको मूल्यको आधारमा हुने गरेको पाइन्छ । यसै सन्दर्भमा, स्थलगत सर्वेक्षणका क्रममा यार्सागुम्बा व्यापारीलाई मूल्य निर्धारणमा संलग्न पक्षहरूको बारेमा सोधिएको प्रश्नको नतिजा अनुसार ६८ प्रतिशत व्यापारीले मूल्य निर्धारण खरिदकर्ता र विक्रेताको आपसी समझदारीबाट हुने बताए भने १२ प्रतिशतले सङ्कलनकर्ता आफैंले, १२ प्रतिशतले थोक व्यापारीले र ८ प्रतिशत व्यापारीले अन्य तरिकाबाट यार्सागुम्बाको मूल्य निर्धारण हुने बताए (तालिका ३.१०) । अत: स्थानीय व्यापारीले यार्सागुम्बाको खरिदको लागि काठमाडौंमा रहेका ठूला व्यापारीबाट केही रकम उधारोमा पाउने र केही रकम सङ्कलनकर्तासँग उधारो राखी खरिद गर्ने गरेकोले मूल्य निर्धारणमा काठमाडौंका ठूला व्यापारी र चीनका व्यापारीले कार्टेलिङ्ग मार्फत् मूल्यमा प्रभाव पार्ने गरेको स्थानीय व्यापारीको राय प्रतिक्रिया रहेको छ ।

**तालिका ३.१० : मूल्य निर्धारण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सङ्कलनकर्ता आफैंले | ३ | १२ |
| २. | थोक व्यापारीले | ३ | १२ |
| ३. | खरिदकर्ता र बिक्रेताको आपसी समझदारी | १७ | ६८ |
| ४. | अन्य | २ | ८ |
| ५. | जम्मा | २५ | १०० |

६९. यार्सागुम्बाको मूल्यमा उच्च उतारचढाब हुने गर्दछ । सर्वेक्षणमा यार्सागुम्बा व्यापारीद्वारा विगत तीन वर्ष (वि.सं. २०६९ देखि २०७१ सम्म) मा कायम गरेको यार्सागुम्बाको मूल्य प्रवृत्तिलाई तालिका ३.११ मा प्रस्तुत गरिएको छ । व्यापारीबाट प्राप्त तथ्याङ्क अनुसार २०६९ मा प्रति के.जी. यार्सागुम्बाको मूल्य औसत १३ लाख ६७ हजार कायम रहेको पाइयो । त्यस्तै वि.सं. २०७० मा सो मूल्य अघिल्लो वर्षको तुलनामा २१.९ प्रतिशतले वृद्धि भई औसत रु. १६ लाख २१ हजार कायम भएको पाइयो । तथापि, २०७१ मा यार्सागुम्बाको मूल्य अघिल्लो वर्षको तुलनामा केवल २.१ प्रतिशतले वृद्धि भई रु. १६ लाख ५१ हजार कायम भएको पाइयो । यसरी पछिल्ला वर्षहरूमा यार्सागुम्बाको मूल्य कम दरले वृद्धि हुनुमा यार्सागुम्बाका स्थानीय, ठूलो र चिनियाँ व्यापारीहरूको कार्टेलिङ प्रमुख जिम्मेवारी रहेको अन्तरक्रियाको प्रतिक्रिया थियो ।


**तालिका ३.११ : औसत मूल्य प्रवृत्ति (प्रति के.जी)**

| वर्ष | मूल्य (रु.लाखमा) | प्रतिशत परिवर्तन |
|---|---|---|
| २०६९ | १३.६७ | - |
| २०७० | १६.२१ | २१.९ |
| २०७१ | १६.५१ | २.१ |
| औसत | १५.४६ | |

### पुँजीको स्रोत

७०. सर्वेक्षणका क्रममा यार्सागुम्बा व्यापारीलाई उनीहरूले कारोवारका लागि पुँजीको स्रोत जुटाउने माध्यमका बारेमा प्रश्नावली मार्फत् जानकारी लिइएको थियो । नतिजाले यार्सागुम्बा व्यापारी मध्ये ४० प्रतिशतले बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण तथा सापटी लिएर, २० प्रतिशत आफ्नै बचतबाट, १७ प्रतिशतले छर/छिमेकीबाट र २३ प्रतिशतले अन्य स्रोतबाट यार्सागुम्बा कारोवारका लागि पुँजीको स्रोत जुटाउने गरेको देखायो (तालिका ३.५) । अतः यार्सागुम्बा व्यापारीले आफ्नो कारोवारको लागि अझै पनि बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिई स्रोत जुटाउने प्रवृत्ति कम रहेको पाइयो ।

चार्ट ३.५:व्यापारका लागि आवश्यक पूंजीको श्रोत




### ढुवानी

७१. यार्सागुम्बा व्यापारीले सङ्कलन स्थलबाट जिल्ला सदरमुकाम र त्यहाँबाट काठमाडौंसम्म यार्सागुम्बाको ढुवानीका लागि सुरक्षा चुनौतीलाई मध्यनजर गरी छिटो-छरितो ढुवानीका साधन प्रयोग गर्न चाहन्छन् । यसै सन्दर्भमा, स्थलगत सर्वेक्षणमा यार्सागम्बा व्यापारीलाई उनीहरूले प्रयोग गर्ने ढुवानीको माध्यमका वारेमा प्राप्त प्रश्नावलीको जवाफका आधारमा ३२ प्रतिशत व्यापारीले हवाइजहाज, २६ प्रतिशतले हेलिकप्टर, १९ प्रतिशतले भरिया, १३ प्रतिशतले परिवहन र १० प्रतिशतले उनीहरू स्वयम्ले ढुवानी गर्ने गरेको पाइयो (तालिका ३.१२) । व्यापारीहरूले ठूलो परिमाणको सङ्कलित यार्सागुम्बा चोरी, डकैती, लुटपाट जस्ता जोखिमलाई दृष्टिगत गरी बढी लागत लाग्ने भए तापनि हवाइजहाज तथा हेलिकप्टरजस्ता महँगा ढुवानीका साधनहरूको प्रयोग गर्ने गरेको पाइन्छ ।

**तालिका ३.१२ : यार्सागुम्बा ढुवानीको माध्यम**

| क्र. सं. | ढुवानीका साधन | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भरिया/खच्चर | ६ | १९ |
| २ | बस/परिवहन साधन | ४ | १३ |
| ३ | हवाइजहाज | १० | ३२ |
| ४ | हेलिकप्टर | ८ | २६ |
| ५ | आफैं वा परिवारबाट | ३ | १० |
| | जम्मा | ३१ | १०० |

**बिक्री तथा आम्दानी**

७२. यार्सागुम्बाको बिक्री वितरण तथा त्यसबाट प्राप्त आम्दानीका सम्बन्धमा स्थलगत सर्वेक्षणमा यार्सागुम्बा व्यापारीलाई उनीहरूले यार्सागुम्बा खरिद तथा बिक्रीका लागि बैंक चेक, नगदमै र खाद्यान्न अथवा उपभोग्य सामानहरू मध्ये कुन साधन बढी प्रयोग गर्नु हुन्छ भनी सोधिएको प्रश्नको जवाफको नतिजाको आधारमा ८६ प्रतिशत व्यापारीले नगदमा, ९.४ प्रतिशत बैंकको चेकमा र ४.६ प्रतिशत खाद्यान्न र उपभोग्य सामानमा यार्सागुम्बा खरिद गर्ने गरेको पाइयो । त्यस्तै बिक्रीतर्फ ७१.९ प्रतिशत नगदमा, २७.३ प्रतिशत बैंक चेकमा र बाँकी ०.८ प्रतिशत खाद्यान्न र उपभोग्य सामानमा गर्ने गरेको व्यापारीको अनुभव रह्यो (तालिका ३.१३) । खरिद र बिक्री दुवैका लागि बैंक चेकको कम प्रयोग हुनुले बैंक तथा वित्तीय संस्थाको न्यून उपस्थिति तथा अनौपचारिक कारोबारको अवस्थालाई इङ्गित गर्दछ ।

| तालिका ३.१३ : खरिद/बिक्रीको माध्यम | | |
|---|---|---|
| **(क)** | **खरिद** | प्रतिशत |
| १. | बैंकको चेकबाट | ९.४ |
| २. | नगद | ८६.० |
| ३. | खाद्यान्न र उपभोग्य समान | ४.६ |
| **(ख)** | **बिक्री** | |
| १. | बैंकको चेकबाट | २७.३ |
| २. | नगद | ७१.९ |
| ३. | खाद्यान्न र उपभोग्य समान | ०.८ |

७३. सर्वेक्षणका क्रममा यार्सागुम्बा व्यापारीबाट उनीहरूले विगत तीन वर्षमा खरिद गरेको यार्सागुम्बाको परिमाण, खरिद मूल्य र बिक्री मूल्यको प्रवृत्ति सम्बन्धी तथ्याङ्क लिइएको थियो । तालिका ३.१४ मा प्रस्तुत उक्त तथ्याङ्कले यार्सागुम्बा व्यापारीको खरिद परिमाण क्रमशः घट्दै गएको देखाउँदछ । वि.सं. २०६९ मा यार्सागुम्बा व्यापारीले औसत् १३.४७ के.जी. यार्सागुम्बा खरिद गरे भने तत्पश्चात खरिद परिमाण क्रमिक रूपमा घट्दै २०७१ मा उक्त परिमाण ११.०२ के.जी.मा सीमित भयो । यसरी यार्सागुम्बाको खरिद परिमाण घट्दै जानुमा एकातर्फ यार्सागुम्बाको उत्पादनमा आएको ह्रासलाई लिन सकिन्छ भने अर्कोतर्फ यसले यार्सागुम्बाको अनौपचारिक कारोवारको वृद्धिलाई प्रतिबिम्बित गर्दछ ।

| तालिका ३.१४ : यार्सागुम्बाको बिक्री तथा आम्दानी (रु. लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| **वर्ष** | खरिद परिमाण (के.जी.) | यार्सागुम्बाको मूल्य (प्रति के.जी) | | यार्सागुम्बा व्यापारीको आम्दानी /खर्च | | खुद नाफा/नोक्सान |
| | | खरिद | बिक्री | कुल खर्च | कुल आम्दानी | |
| **२०६९** | १३.४७ | १२.२५ | १३.६७ | १६५.०४ | १८४.१४ | १९.१० |
| **२०७०** | ११.७७ | १५.४७ | १६.२१ | १८२.०२ | १९०.६८ | ८.६६ |
| **२०७१** | ११.०२ | १५.४६ | १६.५१ | १७०.३३ | १८२.०३ | ११.५५ |
| **औसत** | १२.०९ | १४.३९ | १५.४६ | १७२.५१ | १८५.६२ | १३.१० |


७४. त्यस्तै, यार्सागुम्बाको खरिद मूल्य समीक्षा अवधिको पहिलो दुई वर्षमा बढ्दै गएको पाइन्छ भने तेस्रो वर्षमा सो मूल्य बढ्न सकेको पाइँदैन । यद्यपि, उक्त अवधिमा बिक्री मूल्य भने क्रमिक रूपमा बढ्दै गएको पाइन्छ । यसरी एकातर्फ यार्सागुम्बा व्यापारीहरूले सङ्कलकलाई प्रदान गर्ने खरिद मूल्य बढाउन नसकेको तर बिक्री गर्दा बढी मूल्य लिने गरेकोले उनीहरूको खुद मुनाफा बढ्न गएको पाइन्छ ।

७५. सर्वेक्षणबाट प्राप्त खरिद र बिक्री मूल्यका आधारमा व्यापारीहरूको कुल आम्दानी तथा खर्च र सो मार्फत् उनीहरूको खुद नाफा/नोक्सानको स्थिति आँकलन गर्न सकिन्छ । यार्सागुम्बा व्यापारीले वि.सं. २०६९ देखि २०७१ सम्म औसतमा १२.१ के.जी. यार्सागुम्बा प्रति के.जी. औसत रु. १४ लाख ३९


हजारका दरमा खरिद गर्दा उनीहरूलाई रु. १ करोड ७२ लाख ५१ हजार कुल खर्च लागेको पाइयो । खरिद गरेको उक्त यार्सागुम्बा प्रति के.जी. रु. १५ लाख ४६ को दरले बिक्री गर्दा उसलाई कुल रु. १ करोड ८५ लाख ६२ हजार आम्दानी हुने गरेको पाइयो । उक्त कुल खर्च र कुल आम्दानीका आधारमा एक यार्सागुम्बा व्यापारीले रु. १३ लाख १० हजार खुद आम्दानी गर्ने गरेको पाइयो । यसरी यार्सागुम्बा व्यापारीको खुद नाफा बढ्नुमा सङ्कलकले यार्सागुम्बाको उच्च मूल्य प्राप्त गर्न नसक्नु पनि जिम्मेवार रहेको पाइन्छ ।

**माग तथा आपूर्तिको अवस्था**

७६. यार्सागुम्बाको माग र आपूर्तिको अवस्थाले यसको मूल्य निर्धारणमा भूमिका खेल्दछ । स्थलगत सर्वेक्षणका क्रममा यार्सागुम्बा सङ्कलक, व्यापारी, जिल्ला विकास समिति, जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रका प्रतिनिधि लगायतका कुल ९१ जना उत्तरदाताबाट यस क्षेत्रमा यार्सागुम्बाको माग तथा आपूर्ति बढेको, उस्तै रहेको र घटेको सम्बन्धमा प्रश्नावली मार्फत सूचना तथा जानकारी लिइएको थियो । कूल मध्ये ७४ प्रतिशत उत्तरदाताले यार्सागुम्बाको माग बढेको बताए भने अधिकांश उत्तरदाताले यार्सागुम्बाको उत्पादन (सङ्कलन) घटेको बताए (चार्ट ३.६, ३.७) ।




७७. यार्सागुम्बाको मागमा आएको वृद्धि सँगसँगै उत्पादनमा आएको क्रमिक गिरावटका कारण यार्सागुम्बाको मूल्यमा दबाब पर्ने आँकलन गर्न सकिन्छ । अतः यार्सागुम्बाको उत्पादनलाई भविष्यमा दिगो बनाउन नसक्ने हो भने यसको मूल्य अभिवृद्धि हुने देखिन्छ । यससँगै यार्सागुम्बामा मात्र धेरै निर्भर हुँदा भोलि यार्सागुम्बाको मागमा वा उत्पादनमा तीव्र कमी आएमा स्थानीयवासीको जीविकोपार्जनमा ठूलो समस्या पर्न सक्ने देखिन्छ ।





## यार्सागुम्बाले पारेको आर्थिक प्रभाव

७८. यार्सागुम्बाको उत्पादन, सङ्कलन तथा बिक्री वितरणले हिमाली जिल्लाका वासिन्दाहरूको आर्थिक प्रभावमा देखिएको परिवर्तनको अवस्था थाहा पाउन स्थलगत सर्वेक्षणमा यार्सागुम्बा सङ्कलक, व्यापारी, जिल्ला विकास समिति, जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रका प्रतिनिधि लगायतका कुल ९३ जना उत्तरदाताहरूबाट सूचना तथा जानकारी सङ्कलन गरिएको थियो । आर्थिक प्रभाव अन्तर्गत आय आर्जन, रोजगारी, पूर्वाधार विकास लगायत पर्यटन, होटल, कृषि र बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार बढेको, उस्तै रहेको तथा घटेको जस्ता प्रश्नावलीबाट प्राप्त जानकारीको विश्लेषण गरिएको छ ।

**आय आर्जन**

७९. यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरण सम्बन्धी क्रियाकलापले हिमाली जिल्लाका वासिन्दाहरूको आम्दानीमा योगदान पुऱ्याएको छ । स्थलगत सर्वेक्षणमा समावेश ९३ उत्तरदातालाई यार्सागुम्बाको सङ्कलन तथा बिक्रीका कारण त्यस भेगका वासिन्दाहरूको आम्दानीको अवस्था बढेको, उस्तै रहेको र घटेको छ भन्ने प्रश्नको जवाफमा अधिकांश उत्तरदाता (९० प्रतिशत) ले यार्सागुम्बाको सङ्कलन कार्यसँगै जिल्लाका वासिन्दाको आम्दानीको अवस्था बढ्दो रहेको नतिजा प्राप्त भयो (चार्ट ३.८) । अत: यार्सागुम्बाको कारोवारले हिमाली जिल्लाको गरिबी निवारण तथा समावेशी विकासमा समेत मद्दत पुग्न जाने देखिन्छ ।


चार्ट ३.८: सर्वेक्षण जिल्लाका वासिन्दाको आम्दानी को अवस्था (प्रतिशतमा)



**रोजगारी**

८०. यार्सागुम्बा सङ्कलन तथा बिक्री वितरण कार्यले हिमाली जनतालाई वर्षेनी छोटै अवधिका लागि भए पनि रोजगारी सिर्जना गर्दछ । यार्सागुम्बासँग सम्बन्धित गतिविधिबाट उक्त क्षेत्रका वासिन्दाहरूको रोजगारीको अवस्थामा भएको परिवर्तनका सम्बन्धमा सर्वेक्षणका क्रममा उत्तरदाताबाट प्राप्त जानकारी अनुसार ८७ प्रतिशत उत्तरदाताले यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणका कारण रोजगारीको अवस्था बढेको बताए (तालिका ३.१५) । त्यस्तै सङ्कलकका गा.वि.स.का कति प्रतिशत वयस्क युवाहरू यार्सागुम्बा सङ्कलन गर्ने मौसममा सङ्कलनका लागि पाटनतर्फ जाने गरेका छन् भन्ने प्रश्नको जवाफमा करिव ७१ प्रतिशत वयस्क यार्सागुम्बा सङ्कलन गर्ने मौसममा सो कार्यका लागि पाटनतर्फ जाने गरेको प्राप्त सवेक्षणको नतिजाले पनि यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरण कार्यले रोजगारी सृजनामा योगदान गरेको पुष्टि हुन्छ । हिमाली वासिन्दाहरूले यार्सागुम्बा बाहेक अन्य आयमूलक रोजगारीको लागि वर्षमा करिव ८ महिना बिताउने गरेको तथ्यले यार्सागुम्बा सङ्कलन तथा बिक्री वितरणले रोजगारीमा मौसमी प्रभाव विद्यमान रहेको देखाउँदछ ।

**तालिका ३.१५ : रोजगारीको अवस्था**

| परिवर्तन | बढेको | उस्तै | घटेको | जम्मा |
|---|---|---|---|---|
| **सङ्ख्या** | ८१ | ७ | ५ | ९३ |
| **प्रतिशत** | ८७ | ८ | ५ | १०० |


८१. यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणका कारण हिमाली जिल्लाबाट वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्यामा भने स्थलगत सर्वेक्षणको नतिजाबाट खासै परिवर्तन आएको पाइएन । नतिजा अनुसार ४१ प्रतिशत उत्तरदाताले रोजगारीका लागि विदेशी जाने प्रवृत्ति उस्तै रहेको, ३९ प्रतिशतले बढेको र २० प्रतिशतले घटेको जावाफ दिए । यार्सागुम्बा सङ्कलन तथा बिक्री वितरण कार्यले वर्षमा केवल ३/४ महिनामात्र रोजगारीको अवसर सृजना गर्ने र बाँकी ८/९ महिना अन्य गतिविधि सन्चालन गर्नु पर्ने भएकोले यसलाई स्थायी रोजगारी प्रदान गर्ने पेसाका रूपमा रूपान्तरण गर्न नसकिएकोले रोजगारीका लागि युवाहरू विदेश जाने क्रम घट्न सकेको पाइँदैन । तर हालका वर्षहरूमा सङ्कलन तथा बिक्री वितरणमा आकर्षण बढदै गएसँगै पर्यटन आगमन, होटल व्यवसाय, बैंक तथा वित्तीय संस्थाहरूको उपस्थितिजस्ता आर्थिक गतिविधिहरूको विस्तारबाट रोजगारीका अवसरहरू सृजना हुने क्रम बढेको पाइन्छ । यार्सागुम्बाको सङ्कलनबाट राम्रो



चार्ट ३.१०: रोजगारीका लागि विदेशी जानेको संख्या


आम्दानी हुन थालेयता रोजगारीको लागि स्थानीय वासिन्दा भारततर्फ जाने प्रवृत्तिमा भने कमी आएको अन्तरक्रियाका क्रममा व्यक्त भयो । मूलतः भारतमा रोजगारीका लागि गएका कतिपय स्थानीय वासिन्दाहरू यार्सागुम्बा सङ्कलनको मौसममा समय मिलाएर सङ्कलन कार्यमा संग्लन हुने गरेको पनि पाइएको छ ।

**पूर्वाधार**

८२. विगत केही वर्षदेखि यार्सागुम्बाका सङ्कलन, बिक्री तथा वितरण जस्ता गतिविधिका कारण हिमाली क्षेत्रको बाटोघाटो, विद्यालय तथा नयाँ घरनिर्माण जस्ता पूर्वाधारका क्षेत्रहरूमा भएको परिवर्तनका सम्बन्धमा स्थलगत सर्वेक्षणका क्रममा प्रश्नावली मार्फत जानकारी लिइएको थियो । सर्वेक्षणमा संलग्न ९३ उत्तरदाता मध्ये ६१ प्रतिशत उत्तरदाताले बाटोघाटोको विकास तथा विस्तार उस्तै रहेको बताए भने ३४ प्रतिशतले बढेको र चार प्रतिशतले सोको अवस्था उस्तै रहेको बताए (चार्ट ३.११) । त्यस्तै विद्यालयको सङ्ख्या विस्तारका बारेमा ५२ प्रतिशत उत्तरदाताले विद्यालयको सङ्ख्या बढेको, ४७ प्रतिशतले उस्तै रहेको भने केवल एक प्रतिशतले घटेको बताए (चार्ट ३.१२) । नयाँ घर निर्माणका सम्बन्धमा अधिकांश उत्तरदाताबाट (९० प्रतिशत)बाट नयाँ घर निर्माण गर्ने क्रम बढेको पाइयो (चार्ट ३.१३) ।








८३. यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणबाट प्राप्त आम्दानीको प्रभाव विशेष गरी जिल्ला सदरमुकाममा बसाइसराइ, जग्गा खरिद/बिक्री तथा नयाँ घर निर्माणमा पर्ने गरेको देखियो । पूर्वाधार निर्माणमा स्थानीय निकाय, जनसहभागिता तथा स्थानीय क्लबहरूको सहभागिता समेत हुने गरेको पाइयो । सदरमुकामदेखि यार्सागुम्बा सङ्कलन हुने पाटनहरूसम्म कच्ची तथा गोरेटो बाटोको निर्माण कार्यका लागि स्थानीय क्लवहरूले पनि सक्रिय भूमिका खेल्ने गरेको पाइन्छ ।


**आर्थिक क्रियाकलाप**

८४. स्थलगत सर्वेक्षणको क्रममा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणको बढ्दो आकर्षणसँगै हिमाली जिल्लाहरूमा होटल तथा पर्यटन व्यवसाय, बैकिङ तथा वित्तीय सेवा तथा कृषि उत्पादन लगायतका विविध आर्थिक क्रियाकलापमा भएको परिवर्तनको अवस्थाका सम्बन्धमा सर्वेक्षणका उत्तरदाताबाट प्राप्त जवाफको नतिजालाई चार्ट ३.१४ देखि ३.१७ मा प्रस्तुत गरिएको छ । होटल व्यवसायमा भएको परिवर्तनका सम्बन्धमा अधिकांश (९० प्रतिशत) उत्तरदाताले सो व्यवसाय बढेको अनुभव गरेको पाइयो । त्यस्तै, पर्यटन आगमनका सम्बन्धमा ४८ प्रतिशतले पर्यटन आउने क्रम बढेको, ४८ प्रतिशतले उस्तै


रहेको र ५ प्रतिशतले पर्यटन आगमन घटेको अनुभव गरेको पाइयो । कुल उत्तरदाता मध्ये ८२ प्रतिशतले बैंक तथा वित्तीय संस्थाको उपस्थिति बढेको, १६ प्रतिशतले उस्तै रहेको र दुई प्रतिशतले सो सङ्ख्या घटेको बताए ।




चार्ट ३.१४: होटल व्यवसाय (प्रतिशतमा)



चार्ट ३.१५: पर्यटन व्यवसाय (प्रतिशतमा)



चार्ट ३.१६: बैंक वित्तीय संस्थाको विस्तार (प्रतिशतमा)



चार्ट ३.१७: कृषि उत्पादन (प्रतिशतमा)

८५. यार्सागुम्बाको अधिक सम्भावना रहेका हिमाली जिल्लाका वासिन्दा विगत केही वर्षदेखि कृषिको सट्टा यार्सागुम्बातर्फ बढी आकर्षित देखिएको कारण कृषि उत्पादनमा यसको प्रभाव पर्न सक्दछ । स्थलगत सर्वेक्षणका क्रममा उत्तरदातालाई कृषि उत्पादनको अवस्था बढेको, उस्तै रहेको र घट्दै गएको सम्बन्धी जानकारी प्रश्नावली मार्फत लिइएको थियो । कृषि उत्पादनमा भएको परिवर्तन सम्बन्धी सर्वेक्षणको नतिजा अनुसार कुल उत्तरदाता मध्ये ५६ प्रतिशतले कृषि उत्पादन घटेको अनुभव गरे भने २८ प्रतिशतले उस्तै रहेको र १६ प्रतिशतले यस्तो उत्पादन घटेको अनुभव गरे । यार्सागुम्बा सङ्कलन गर्ने मौसम वैशाखदेखि असार महिनामा कतिपय गा.वि.स.का अधिकांश वासिन्दा यार्सागुम्बा सङ्कलनमा जाने हुँदा ती गा.वि.स.मा सो अवधिमा कृषि उत्पादनमा कमी आएको देखिन्छ । प्रत्येक वर्ष जिल्लाका एवम् बाहिरी जिल्लाबाट यार्सागुम्बा टिप्न जाने मानिसहरूको ओइरो बढ्ने क्रमसँगै पशुपालन अन्तर्गत खच्चर व्यवसाय भने फस्टाउँदै गएको राय व्यक्त भयो ।

## यार्सागुम्बाको दिगो व्यवस्थापनमा देखिएका चुनौती

८६. स्थलगत सर्वेक्षणको क्रममा पाँच वटै केन्द्रका यार्सागुम्बा सङ्कलक तथा व्यापारी लगायत जिल्ला वन कार्यालय, जिल्ला विकास समिति, जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधिहरूसँग छलफल समेत गरिएको थियो । त्यस्तै उक्त केन्द्रका जिल्ला सदरमुकाममा अनुसन्धान विभागका कार्यकारी निर्देशक/निर्देशकको संयोजकत्वमा उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, स्थानीय प्रशासन एवम् निकायहरू, जिल्ला वन कार्यालय, इलाका वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शिक्षक, पत्रकार, सामाजिक परिचालक र अन्य सरोकारवालाहरूका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम समेतको आयोजना गरिएको थियो । अन्तरक्रियाबाट यार्सागुम्बाको अव्यवस्थित सङ्कलनबाट सृजना भएका

सामाजिक, आर्थिक, सुरक्षा तथा पर्यावरणीय चुनौतीहरू, यार्सागुम्बाको अनौपचारिक कारोवारको अवस्था तथा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणलाई दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा यसको योगदान अझ प्रवर्द्धन गर्न चाल्नुपर्ने कदमहरू लगायतका विषयमा जानकारी हासिल गरिएको थियो ।

**सामाजिक व्यवहार**

८७. अन्तरक्रियाका क्रममा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणमा संलग्न वासिन्दाहरूको आय आर्जनमा भएको बढोत्तरीसँगै मादक पदार्थको सेवन र जुवातास खेल्ने प्रवृत्ति बढेको प्रतिक्रिया पाइयो । यस प्रकार यार्सागुम्बाबाट प्राप्त आम्दानी उत्पादनशील गतिविधिमा लगानी गर्नुको सट्टा रमझम एवम् जुवातास र खानपिनमै बढी खर्च गर्नाले भविष्यमा यार्सागुम्बाको मागमा वा उत्पादनमा कमी आएमा स्थानीयवासीको जीविकोपार्जनमा ठूलो समस्या पर्न सक्ने देखिन्छ । यार्सागुम्बा सङ्कलनका लागि कतिपय गा.वि.स.का घरपरिवारले यार्सागुम्बा सङ्कलनकै लागि भए पनि बढी बच्चा जन्माउने प्रवृत्तिसँगै हिमाली जिल्लाको जनसङ्ख्या उच्च दरले वृद्धि हुने सम्भावना रहेको पाइन्छ । यार्सागुम्बाको आय आर्जनले सदरमुकाम झरी नयाँ घर बनाउने प्रवृत्तिले नयाँ विस्तारित बस्ती व्यवस्थित नहुँदा यसले व्यवस्थित सहरीकरणको प्रक्रियालाई प्रतिकूल प्रभाव पार्नुको साथै दिगो विकासको अवधारणालाई समेत चुनौती दिन सक्ने देखिन्छ ।

**शिक्षामा प्रभाव**

८८. हिमाली जिल्लाका स्कुल जाने विद्यार्थी तथा शिक्षण कार्यमा संलग्न शिक्षक समेत यार्सागुम्बाको मौसममा करिब दुई/तीन महिनाका लागि स्कूलहरू नै बन्द गरी यार्सागुम्बा सङ्कलन गर्न जाने प्रवृत्तिका कारण प्रत्यक्ष रूपमा बालबालिकाको पठनपाठनमा प्रतिकूल असर पर्ने गरेको राय प्रतिक्रिया पाइयो । सङ्कलनका क्रममा यार्सागुम्बा चिन्न ज्यादै कठिन हुने र यस्तो कामका लागि वृद्धभन्दा केटाकेटीहरूको तेजिलो दृष्टिका कारण बढी सक्षम हुने भएकाले स्कूल जाने बालबालिकाहरू उल्लेख्य सङ्ख्यामा यार्सागुम्बा सङ्कलनमा सामेल हुने गरेको पाइयो । यसबाट तत्कालका लागि परिवारको आयमा बृद्धि भए तापनि बालबालिकाको शिक्षामा प्रतिकूल प्रभाव पर्न गई उज्ज्वल भविष्य निर्माणमा नकारात्मक प्रभाव पर्न जाने देखिन्छ ।

**स्वास्थ्य अवस्थामा प्रभाव**

८९. हिमाली क्षेत्रको चिसो मौसमले यार्सागुम्बा सङ्कलनमा जाने मानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने गरेको अनुभव अन्तरक्रियामा व्यक्त भएको थियो । यार्सागुम्बाको प्रलोभनमा दम, बाथ, ब्लडप्रेसर लगायतका स्वास्थ्य सम्बन्धी समस्याहरू भएका मानिसहरू पनि उच्च हिमाली भेगमा सङ्कलनका लागि जाँने हुँदा उनीहरूको स्वास्थ्य स्थिति थप गम्भीर हुन पुगेको देखिन्छ । सङ्कलन कार्यका लागि धेरै बालबालिकाहरू समेत प्रयोग हुने प्रवृत्ति देखिएकाले एकातर्फ बालअधिकार हनन हुन गएको छ भने अर्कोतर्फ बालबालिकाको स्वास्थ्यमा समेत चुनौती सृजना भएको छ । धार्मिक तथा सामाजिक आस्थाका कारण महिला सङ्कलकहरूको स्वास्थ्यमा नकारात्मक असर (मासिकी रोक्न गर्ने प्रयास, त्यस स्थानमा महिला महिनावारी भएमा नराम्रो मानिने प्रचलन) पर्ने गरेको समेत छलफलका क्रममा उठेको थियो ।

**पर्यावरणीय समस्या**

९०. यार्सागुम्बा सङ्कलनका क्रममा सङ्कलन स्थलमा निर्माण गरिएका अस्थायी वासस्थानबाट उत्सर्जित वस्तुहरूको समुचित व्यवस्थापन गर्न नसक्दा पर्यावरणमा नकारात्मक प्रभाव पर्ने गरेको छलफलको निष्कर्ष थियो । स्थानीय वासिन्दा तथा क्लबहरूको सक्रिय सहभागितामा यार्सागुम्बा टिप्ने पाटनहरूमा पर्यावरणीय समस्या पर्न नदिन सङ्कलन कार्यलाई व्यवस्थित गर्ने कार्यमा सहभागी हुने गरेको राय व्यक्त भएको थियो । उपयुक्त औजार प्रयोग नगरी जमिन खोस्रने, दाउराको लागि जडिबुटीका रुखहरूको फडानी गर्ने तथा आगजनी गर्ने जस्ता गतिविधिहरूले पर्यावरणमा प्रतिकूल असर पर्ने गरेको पाइयो । परिणामस्वरूप यार्सागुम्बाको उत्पादनमा समेत नकारात्मक प्रभाव परेको राय प्रतिक्रिया पाइयो ।

हजारौंको सङ्ख्यामा सङ्कलकहरू वनक्षेत्रभित्र प्रवेश गरी दुई-तीन महिनासम्म टेन्ट गाडेर बस्दा वन तथा निकुञ्ज क्षेत्रको वातावरणमा नकारात्मक असर पर्ने गरेको पाइयो । अस्थायी वासस्थान निर्माण तथा आगो बाल्ने दाउराका लागि रुख काट्ने प्रवृत्तिले वनफडानीमा वृद्धि भएको पाइन्छ । त्यस्तै सङ्कलकहरूले यार्सागुम्बा टिप्न जाँदा लगेका प्लाष्टिक तथा सिसाजन्य फोहोरको समुचित व्यवस्थापन नगरी जथाभावी फाल्ने गर्दा वन्यजन्तुको वासस्थान खल्बलिन पुगेको देखिन्छ । यार्सागुम्बा बन्ने लार्भाको प्रमुख आहाराको रूपमा रहेको सुनबुकी भन्ने झार वनफडानी, फोहोरमैला तथा घोडा/खच्चरको दिसापिसाबको कारण लोपोन्मुख हुँदै गइरहेको देखिन्छ । फलस्वरूप भविष्यमा यार्सागुम्बाको उत्पादनमा समेत कमी आउने सम्भावना रहेको छ ।

**शान्ति सुरक्षामा चुनौती**

९१. यार्सागुम्बाको सङ्कलनका क्रममा पाटनहरूमा देखिएको टड्कारो समस्या भनेको शान्ति सुरक्षाको बिग्रँदो स्थिति र बढदो झै-झगडा तथा द्वन्द्व रहेको अन्तरक्रियाका क्रममा जानकारी पाइयो । यार्सागुम्बा टिप्न जाने विभिन्न समूहबीच बेलाबेलामा झै-झगडा हुने गरेकाले कहिलेकाहीँ झगडाले हिंसात्मक रूप लिँदा मानिसहरूको ज्यानै समेत जाने गरेको सुनिन गएको छ । सङ्कलित यार्सागुम्बा खरिद बिक्री प्रयोजनका लागि असुरक्षित नगद कारोवारले शान्ति सुरक्षामा चुनौती थपेको छ ।

**अनौपचारिक कारोबार**

९२. जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला विकास समिति तथा व्यापारी तथा सङ्कलकका प्रतिनिधिहरूको अनुभवमा यार्सागुम्बाको अनौपचारिक कारोवारको अंश करिब २५ देखि ३० प्रतिशतसम्म रहेको जानकारी प्राप्त भयो । उदाहरणका लागि डोल्पाबाट हुने यार्सागुम्बाको कारोवार अधिकांश स्थानीय मेलाहरूमा अनौपचारिक रूपमा हुने गरेको अन्तरक्रियाका क्रममा जानकारी प्राप्त भयो । अनौपरिचाक कारोवारसँगै राजस्व सङ्कलनमा कमी आउने देखिन्छ । त्यस्तै, भारतमा यार्सागुम्बाको सङ्कलन कार्य गैर-कानुनी एवं प्रतिबन्धित भएकोले यसको चोरी-निकासी भएर दार्चुलामा ल्याई बिक्रीवितरण हुने भएकोले दार्चुलामा भा.रु.को अभाव समेत हुने गरेको राय व्यक्त भएको थियो । यार्सागुम्बा सङ्कलन गर्ने अनुमति लिई वन प्रवेश गर्ने कतिपय सङ्कलनकर्ताहरूले प्रतिबन्धित जडिबुटी सङ्कलन तथा पशुपंक्षीको चोरी सिकारी हुने गरेको कुरा अन्तरक्रियाका क्रममा प्रकाशमा आएको थियो ।

९३. अन्त्यमा, स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार बहुमूल्य जडिबुटीको रूपमा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरण कार्यमा संलग्न हिमाल तथा उच्च पहाडी भेगका वासिन्दाको जीवनस्तर माथि उकास्न योगदान पुगेको पाइयो । यार्सागुम्बा सङ्कलन कार्यका लागि वार्षिक करिव डेढ लाखभन्दा बढी जनताहरू हिमालका पाटनतर्फ जाने गर्दछन् भने वर्षेनी सङ्कलन गर्न जाने प्रवृत्ति समेत बढ्दै गएको पाइयो । त्यस्तै विगत केही वर्षदेखि यार्सागुम्बा सङ्कलनमा देखिएको अत्यधिक चापसँगै हिमाली क्षेत्रको पर्यावरणमा देखिएको प्रतिकूल प्रभावका कारण यार्सागुम्बाको उत्पादन घट्दो क्रममा रहेको देखिन्छ । यार्सागुम्बा व्यापारीले अझै पनि बैंक तथा वित्तीय संस्थाहरूभन्दा आफैँसँगको बचत रकम प्रयोग गर्ने गरेकोले वित्तीय सेवाको पहुँच अपेक्षित रूपमा बढ्न सकेको पाइँदैन । यार्सागुम्बा कारोवारबाट व्यापारीहरूको खुद नाफा क्रमशः बढ्दै गएको भए तापनि सङ्कलकको आम्दानीको प्रवृत्ति भने घट्दै गएको देखिन्छ । हिमाली जिल्लाका वासिन्दाहरूको आयआर्जन तथा रोजगारी अभिवृद्धि हुनुका साथै विद्यालय, नयाँ घर निर्माण, होटल, पर्यटन तथा बैंक तथा वित्तीय संस्थाहरूको विस्तारमा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणले सकारात्मक प्रभाव पार्ने गरेको पाइन्छ । यद्यपि, यार्सागुम्बाको बढ्दो सङ्कलन तथा कारोवारसँगै सामाजिक विकृति, पर्यावरणीय समस्या, शान्ति सुरक्षामा चुनौती, शिक्षा तथा स्वास्थ्य स्थितिमा समस्याका कारण यार्सागुम्बाको दिगो व्यवस्थापनमा चुनौतीहरू रहेको पाइयो ।

# परिच्छेद ४. निष्कर्ष तथा सुझावहरू

## निष्कर्ष

९४. विगत केही वर्षदेखि हिमाली तथा उच्च पहाडी जिल्लाका बासिन्दाहरू बहुमल्य जडिबुटी यार्सागुम्बाको सङ्कलन तथा बिक्री/वितरणमा बढ्दो आकर्षणसँगै हिमाली अर्थतन्त्र चलायमान भएको छ । त्यस भेगका जनताको आय आर्जन, रोजगारी एवम् पूर्वाधार विकास लगायत विविध आर्थिक गतिविधिहरू गतिशील हुन पुगेका छन् । यार्सागुम्बाको उत्पादन तथा बिक्री वितरणका कारण नेपालको गरिबी निवारण तथा समावेशी आर्थिक विकास मार्फत समग्र देशको अर्थतन्त्रमा योगदान पुगेको छ । आर्थिक कारोवारको विस्तारसँगै त्यस क्षेत्रको मौद्रिकीकरण विस्तार भएको पाइन्छ । हिमाली जिल्लाका धेरैजसो आदिवासी र पिछडिएका जनताको आम्दानी तथा रोजगारीका अवसरहरू सृजना भएका छन् । बढ्दो आम्दानीसँगै हिमाली वासिन्दाको बचतमा वृद्धि हुन गई शिक्षा तथा स्वास्थ्य क्षेत्रमा बढेको लगानीस्वरूप मानव संशाधन विकासमा सकारात्मक प्रभाव परेको छ । विद्यालय, बाटोघाटो, पुलपुलेसा, नयाँ घर निर्माणजस्ता पूर्वाधारको निर्माणबाट अर्थतन्त्रको उत्पादकत्व वृद्धिमा सकारात्मक योगदान पुगेको छ । यार्सागुम्बाको कारोवारसँगै बैंक तथा वित्तीय संस्थाहरूको बढ्दो उपस्थितिले वित्तीय पहुँच अभिवृद्धि भएको छ ।

९५. हिमाली जिल्लाको अर्थतन्त्रमा यार्सागुम्बाको सङ्कलन तथा बिक्री वितरणले आय तथा रोजगारीका अवसरहरूको अभिवृद्धिसँगै यसको बढ्दो अव्यवस्थित सङ्कलन तथा बिक्री वितरणका कारण केही चुनौतीहरू पनि सृजना भएका छन् । अनौपचारिक कारोवारसँगै राजस्व चुहावट लगायत हिमाली भेगका जनताको स्वास्थ, शिक्षा, पर्यावरण र शान्तिसुरक्षा एवम् सामाजिक विकृतिहरूका कारण विगत केही वर्षदेखि यार्सागुम्बाको दिगो उत्पादन तथा व्यवस्थापनमा समस्याहरू देखिएका छन् । सङ्कलनका क्रममा अस्थायी वासस्थानबाट उत्सर्जित वस्तुहरूको समुचित व्यवस्थापन हुन नसक्नु, यार्सागुम्बा सङ्कलन गर्न उपयुक्त औजार प्रयोग नहुनु, दाउराको लागि जडिबुटीका रुख तथा वन फडानी बढ्नुले हिमाली भू-भागमा पर्यावरणीय प्रभाव परी यार्सागुम्बाको जीवनचक्रमा नकारात्मक प्रभाव स्वरूप दीर्घकालमा यसको लोप हुने सम्भावना समेत देखिएको छ । फलस्वरूप यार्सागुम्बाको संरक्षण एवम् प्रवर्द्धन गरी यसलाई स्थानीयवासीको आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्न उपयुक्त कदमहरू चाल्नु आवश्यक देखिन्छ ।

## सुझावहरू

९६. अध्ययनको क्रममा स्थलगत सर्वेक्षण एवम् अन्तरक्रियाहरूमा यार्सागुम्बाको दिगो उत्पादन सुनिश्चित गर्न, यसको सङ्कलनलाई व्यवस्थित गर्न, बिक्रीवितरणलाई औपचारिक व्यापारको दायराभित्र ल्याउन एवम् अर्थतन्त्रमा यार्सागुम्बाको योगदान अभिवृद्धि गर्न विविध सुझावहरू प्राप्त भएका छन् । सुझावहरू कार्यान्वयनमा ल्याउन वन कार्यालय, निकुञ्ज कार्यालय एवम् सम्बन्धित सबै निकायहरूले आ-आफ्नो भूमिका सशक्त रूपले निर्वाह गर्न आवश्यक देखिन्छ ।

९७. **सङ्कलन समय निर्धारण तथा पाटनको वर्गीकरण गर्नुपर्ने :** विगत केही वर्षदेखि कतिपय सङ्कलकहरू यार्सागुम्बाको जीवाणु पूर्ण विकसित हुन नपाउँदै वैशाखको सुरुमै टिप्न जाने गर्दा अर्को वर्ष यार्सागुम्बाको उत्पादन घट्ने गरेको देखिन्छ । तसर्थ, निश्चित समय तोकी त्यस समयमा मात्र यार्सागुम्बा सङ्कलन गर्न पाइने प्रावधानलाई प्रभावकारी ढंगले लागू गर्न जरुरी छ । साथै, वैज्ञानिक विश्लेषणका साथ पाटनहरूलाई विभिन्न वर्गमा विभाजन गरी १ वर्ष, २ वर्ष वा ३ वर्ष गरी सङ्कलनमा रोक लगाउन आवश्यक देखिन्छ ।

९८. **तोकिएको पाटनहरूमा सङ्कलक सीमा तोक्नु पर्ने :** यार्सागुम्बाको सङ्कलन गरिने पाटनहरूको वहन क्षमताको आधारमा कुन पाटनमा कति सङ्कलकलाई प्रवेश दिने भन्ने किटान गरिनु पर्दछ । प्रवेश दिँदा स्थानीय र बाहिरी जिल्लाका कति मानिसहरूलाई सङ्कलनको लागि अनुमति दिने पनि निश्चित गर्नु पर्दछ । यार्सागुम्बा सङ्कलन अनुमति दिँदा सङ्कलनको लागि जाने मानिसको उमेर तथा स्वास्थ्य अवस्थालाई समेत मापदण्ड बनाइनु उपयुक्त हुन्छ ।

९९. **सङ्कलन क्षेत्रमा अन्य जडिबुटी सङ्कलन गर्न रोक लगाउने :** यार्सागुम्बा पाइने क्षेत्रमा अरु जडिबुटी पनि सङ्कलन गर्ने क्रम बढ्दा यार्सागुम्बाको जीवनचक्रमा प्रतिकूल असर पर्न गई त्यसको उत्पादनमा कमी आउने गरेकोले त्यस्ता क्षेत्रलाई यार्सागुम्बा क्षेत्र तोकी अन्य जडिबुटी सङ्कलनमा रोक लगाउन जरुरी छ ।

१००. **सङ्कलन क्षेत्रको पर्यावरणमा सुधार ल्याउनु पर्ने :** यार्सागुम्बा सङ्कलन हुने स्थानमा सङ्कलनकर्ताले पाल टाँग्न एवम् इन्धनका लागि जथाभावी रुख काट्ने, उपभोग गरी सृजित फोहोरलाई जथाभावी फ्याँक्ने गर्दा पर्यावरणमा नकारात्मक प्रभावसँगै यार्सागुम्बाको जीवनचक्रमा प्रतिकूल असर पर्ने भएकोले यस्ता कार्यलाई निरुत्साहित गर्न पर्याप्त अनुगमनको व्यवस्था गर्न आवश्यक देखिन्छ ।

१०१. **कृषि अनुसन्धान बोर्डले यार्सागुम्बाबारे निरन्तर अध्ययन/अनुसन्धान गर्नुपर्ने :** नेपालमा पाइने यार्सागुम्बाका प्रजातिहरूको जीवनचक्रको विस्तृत अध्ययन गरी यसको उत्पादनमा कमी हुन नदिन तथा यसको संरक्षणका थप उपायहरू सुझाउनको लागि कृषि अनुसन्धान बोर्डमार्फत् यार्सागुम्बाबारे निरन्तर अध्ययन/अनुसन्धान गर्न आवश्यक छ ।

१०२. **सङ्कलन कार्यमा बालबालिकाको प्रयोगलाई निरुत्साहित गर्न सचेतना फैलाउनु पर्ने :** यार्सागुम्बा सङ्कलनका लागि अत्याधिक सङ्ख्यामा बालबालिकाहरू प्रयोग गरिएको अवस्था छ । यसले गर्दा एकातर्फ उनीहरूको स्वास्थ्य सुरक्षामा समस्या सृजना हुने देखिएको छ भने अर्कोतर्फ पठनपाठन छोडी वर्षको तीन महिना यार्सागुम्बा टिप्न जाँदा तत्कालका लागि परिवारको आयमा वृद्धि भए तापनि उनीहरूको भविष्य खतरामा पर्ने सम्भावना रहेको छ । यसकारण यार्सागुम्बा सङ्कलन कार्यमा बालबालिकाको प्रयोगलाई निरुत्साहित गर्न सचेतना फैलाउन आवश्यक छ ।

१०३. **सङ्कलन अनुमतिपत्र वितरण तथा शुल्क असुली प्रणालीलाई सरलीकरण गर्नुपर्ने :** हाल यार्सागुम्बा व्यापारीले एकमुष्ट सङ्कलन अनुमतिपत्र लिई धेरै सङ्कलकलाई वितरण गर्ने गरेकोमा सङ्कलकहरू स्वयम्लाई नै अनुमतिपत्र वितरण गर्ने व्यवस्था मिलाउनु आवश्यक छ । सङ्कलकले धेरै ठाउँमा शुल्कहरू तिर्नुपर्ने, शुल्क सङ्कलन कार्य पारदर्शी नहुने तथा समय-समयमा सङ्कलकहरू ठगिने गरेकोले एकद्वार प्रणालीबाट शुल्क उठाउने व्यवस्था गर्नु पर्दछ ।

१०४. **सङ्कलकलाई अभिमुखीकरण तालिम दिनुपर्नेः** यार्सागुम्बा सङ्कलन गर्न जाने सङ्कलकहरूले अनिवार्य रूपले यस सम्बन्धी अभिमुखीकरण कक्षा लिएको हुनुपर्ने व्यवस्था गर्न उचित हुन्छ । यस्तो कक्षामा पाटनमा पालना गर्नुपर्ने नियम कानुन, यार्सागुम्बा सङ्कलन विधि एवम् फोहोर व्यवस्थापन लगायत अन्य आवश्यक विषयबारे सङ्कलकलाई जानकारी गराउन उपयुक्त हुन्छ ।

१०५. **यार्सागुम्बाको व्यापारिक कारोवारका लागि फर्म दर्ता गनुपर्ने :** यार्सागुम्बाको कारोवारलाई औपचारिक माध्यमतर्फ प्रोत्साहित गरी राजस्वमा समेत यसको योगदान अभिवृद्धि गर्न यसको कारोवार गर्ने व्यापारीलाई अनिवार्य रूपमा फर्म दर्ता गर्नुपर्ने प्रावधान बनाउनु आवश्यक छ ।

१०६. **तिब्बततर्फ हुने अनौपचारिक कारोवार रोक्न अस्थायी सुरक्षा चौकी स्थापना गर्नुपर्ने :** तिब्बततर्फ हुने यार्सागुम्बाको चोरीनिकासीलाई निरुत्साहित गर्न सम्भव भएसम्म उत्तरतर्फका रणनीतिक ठाउँहरू (जस्तै बझाङको नयाँ) मा विशेष गरी यार्सागुम्बा सङ्कलन हुने मौसममा अस्थायी सुरक्षा चौकी स्थापना गर्न उचित देखिन्छ । यसका लागि हिमाली जिल्लाका स्थानीय प्रशासनलाई आवश्यक स्रोतसाधन उपलब्ध गराई पाटनहरूमा सुरक्षाकर्मीहरूको घुम्ती टोलीहरू आवश्यक सङ्ख्यामा परिचालित गर्न सकिन्छ ।

यस्तो सुरक्षा व्यवस्थाबाट यार्सागुम्बाको आडमा वन्यजन्तु, पन्क्षी एवम् अन्य जडिबुटीहरूको चोरी तस्करी रोक्न समेत ठूलो सहयोग पुग्ने देखिन्छ ।

१०७. **तिब्बततर्फका उपयुक्त नाकालाई व्यापारका लागि वैधानिकता दिनुपर्ने :** सङ्कलित यार्सागुम्बाको ठूलो हिस्सा तिब्बततर्फ अनौपचारिक रूपले निकासी हुने गरेको छ । यसरी तिब्बततर्फ हुने निकासीलाई औपचारिक बनाउन तिब्बततर्फका कतिपय नाकाहरू जस्तै डोल्पाको तिन्जे र सालडाङ नाकालाई वैधानिकता प्रदान गर्नुपर्ने देखिन्छ ।

१०८. **सङ्कलकलाई लघुवित्त संस्था मार्फत ऋण उपलब्ध गराउनु पर्ने :** यार्सागुम्बा सङ्कलनमा प्राय न्यून आय भएका गाउँलेहरू जाने गर्छन् । उनीहरूले मेठ (विचौलिया)सँग सम्झौता गरी वा साहूसँग चर्को ब्याजमा ऋण लिई यार्सागुम्बा टिप्ने अवधिको लागि बन्दोबस्तीका सामान जुटाउने गरेका छन् । सङ्कलकलाई सामूहिक जमानीमा लघुवित्त संस्था मार्फत सस्तो ब्याजमा ऋण उपलब्ध गराउनेतर्फ पहल गर्न सकेमा उनीहरूको जीवनस्तर उकास्न थप टेवा पुग्ने देखिन्छ ।

१०९. **Stock Insurance का आधारमा यार्सागुम्बा कारोवारका लागि बैंकबाट ऋण उपलब्ध गराउनु पर्ने :** यार्सागुम्बाको कारोवारमा बैंक ऋणको उपयोग खासै धेरै हुन सकेको छैन । Stock Insurance जस्ता अवधारणा प्रयोगमा ल्याई बैंक मार्फत यसको कारोबारमा ऋण उपलब्ध गराउन सकिएमा यसको कारोबार अझ फस्टाउन सहयोग पुग्ने देखिन्छ ।

११०. **निजी क्षेत्रको सहभागितामा यार्सागुम्बाको प्रशोधन उद्योग स्थापना तथा यार्सागुम्बाको प्रयोगबारे अनुसन्धान गर्नुपर्ने :** हाल यार्सागुम्बा प्रशोधनविना नै निर्यात गरिने गरिएको छ । प्रशोधन गरी बनाउन सकिने औषधिका विषयमा निजी क्षेत्रसँग समन्वय गरी सम्बन्धित निकायले अनुसन्धान गर्न आवश्यक छ । प्रशोधन गरी औषधिको रूपमा अझ उच्च मूल्यमा निकासी गर्न सकिएमा अर्थतन्त्रमा थप योगदान पुग्नेछ ।

१११. **बजार व्यवस्थापन सूचना प्रणाली विकास गर्नुपर्ने:** स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको मूल्य अप्रत्याशित रूपले उतारचढाव हुँदा सङ्कलनकर्ता तथा स्थानीय व्यवसायी बेलाबेलामा ठूलो आर्थिक भारमा पर्ने गरेका छन् । यार्सागुम्बाको माग, अन्तर्राष्ट्रिय बजार एवम् मूल्य सम्बन्धमा यथार्थ सूचना प्रवाह गर्नका लागि बजार व्यवस्थापन सूचना प्रणाली विकास गर्न सकिएमा यसको सङ्कलन र बिक्रीवितरणमा संलग्न हुनेहरूले समयमै उपयुक्त निर्णय लिन सक्ने र यसको सङ्कलन एवम् व्यापारले दिगोपना पाउने देखिन्छ ।

११२. **सङ्कलनका लागि अत्यावश्यक पूर्वाधारकाको व्यवस्था गर्नुपर्ने :** यार्सागुम्बा सङ्कलनका लागि पाटनहरूसम्म पुग्न बाटोघाटो कठिन रहेको कारण स्थानीय क्लबहरूको सहयोगमा बाटो बनाउने कार्यमा केही पहल गरिए तापनि त्यो पर्याप्त छैन । सम्बन्धित निकायले गोरेटो बाटो मात्र भए पनि बनाउन पहल गरेमा यार्सागुम्बा टिप्न जाँदा हुने जोखिम घट्ने, ढुवानी सजिलो हुने र सुरक्षा एवम् स्वास्थ्य सेवा पुऱ्याउन सहज हुने देखिन्छ ।

११३. **राष्ट्रिय नीतिगत मार्गदर्शनको व्यवस्था गर्नुपर्ने :** यार्सागुम्बा सङ्कलन, बिक्रीवितरण एवम् प्रयोगका सम्बन्धमा राष्ट्रिय नीतिगत मार्गदर्शन (National Policy Guideline) तयार गरी लागू गर्न उचित देखिन्छ ।

## सन्दर्भसूची


अनलाइन (२०१४), 'यार्सागुम्बा टिप्नेबाट २५ करोड असुली', अनलाइन खबर पत्रिका, २०७१ साउन १० गते access गरिएको http://www.onlinekhabar.com/2014/05/202985#sthast.7chg94rF.dpuf

अन्साब (२०१०), *NTFP Management Booklet on Yarchagumba*, Asia Network for Sustainable Agriculture and Bioresources, (ANSAB) accessed on July 17, 2014 at http://www.ansab.org/UserFiles/ntfplets/yarsa.pdf

अब्दुल्लाह, मियाँ (२०७१) "यार्चाले ल्याएको समृद्धि" कान्तिपुर दैनिक, २०७१ असार २८ ।

Agile News, 2012. 800 Super Gold the Kunming Grade Cordyceps Price of Premium

वन तथा भू-संरक्षण मन्त्रालय (२०७१), यार्सागुम्बा सङ्कलन, बिक्री वितरणलाई व्यवस्थित गर्न बनाइएको कार्यदलको प्रतिवेदन २०७१, सिंहदरबार, काठमाण्डौं ।

क्षत्री, राजु (२०७१) "टिप्पणीः जीवन बुटीको सहारा" कान्तिपुर दैनिक, २०७१ असार २७ ।

क्षत्री, राजु (२०६८), यार्सागुम्बा दिगो सङ्कलन प्रविधि सहयोगी पुस्तिका २०६८, वन विभाग, काठमाडौं ।

Cordyceps is 650 yuan per gram. <http://www.agile-news.com/news-1184723-800-super-gold-the-Kunming> (published 30.03.12, accessed 31.03.12).

देवकोटा एस. (२०१० ए), "Yarsagumba Traditional Utilization in Dolpa District, Western Nepal", Our Nature, (2006) 4, Socio-Economic, Agro-Forestry and Environment (SAFE) Concern, Kathmandu, Nepal

देवकोटा एस. (२००८) Approach Towards the Harvesting of *Cordyceps sinensis* (Berk.) Sacc. in Pastures of Dolpa, Nepal [J]. Medicianl Plants in Nepal: An Anthology of Comtemporary Research, 2008,4.

देवकोटा एस. (२०१० बी), *Ophicordyceps sinensis* (Yarsagumba) from Nepal Himalaya: status, threats and management strategies. In: Zhang, Ping Hao-wei (Ed.), Cordyceps Resources and Environment, Grassland Supervision Center by the Ministry of Agriculture, People's Republic of China. pp. 91–108.

Leng, L.W., 2012. Will Lemon Law Affect Herb Sellers? <http://www.channelnewsasia.com/stories/singaporelocalnews/view/1193893/1/.html> (published 08.04.12, accessed 10.04.12).

मेरो लगानी (२०७२), 'दार्चुलामा सत्तरी प्रतिशत यार्सागुम्बा सङ्कलक फर्किए', असार २५, २०७२ मा प्रकाशित, accessed on २०७२ भदौ २२ at http://merolagani.com/NewsDetail.aspx¿newsID=18046

विक्ली नेपाल (२०७२), 'यार्सागुम्बाको मूल्य नपाएपछि चीनमा यार्सागुम्बा नबेचेरै फर्के व्यापारी', २०७२ भदौ ८ मा प्रकाशित, accessed on २०७२ भदौ २२ at http://weeklynepal.com/यार्सागुम्बाको-मूल्य-नपा/

नागरिक न्यूज (२०७०), 'यार्सागुम्बाको आम्दानीबाट विद्युत् आयोजना', ११ जेठ २०७० मा प्रकाशित, accessed at http://nagariknews.com/economy/main-story/story/1860.html?ModPagespeed=noscript

श्रेष्ठ यु.वि., बावा के.एस. (२०१३), "Trade, harvest, and conservation of caterpillar fungus (*Ophiocordyceps sinensis*) in the Himalayas", Biological Conservation 159 (2013) Available at www.elsevier.com/locate/biocon

श्रेष्ठ (२००९), "Yarshagumba's (Himalayan Viagra) Facts", accessed at http://love4nepal.blog.com/2009/09/15/yarshagumbas-himalayan-viagra-facts/

स्टोन आर. (२००८) Last stand for the body snatcher of the Himalayas? Science 322, 1182.


श्रेष्ठ एण्ड भुषण (२०११), "Diversity of Cordyceps Fungi in Nepal", Nepal Journal of Science and Technology 12 (2011) 103-11-

दि. हिमालयन टाइम्स (२०१४), "Crime up in yarsagumba season ", 2014-06-05, Accessed on 2014-07-27 at http://www. thehimalayantimes.com /fullNews.php? headline=Crime +up+in+ yarsagumba + season+&NewsID=417237

व्इन्केलर डेनियल (२००९), "Caterpillar Fungus (*Ophiocordyceps sinensis*) Production and Sustainability on the Tibetan Plateau and in the Himalayas", Asian Medicine 5 (2009) 291-316.

यादव, काशीराम (२०११), "Status, Market, Opportunities and Challenges: Yarshagumba in Darchula", The Initiation, Vol. 4(2011).


अनुसूची : १



यार्सागुम्बाका सरोकारवाला
यार्सागुम्बाको नियमन तथा व्यवस्थापन
बजार प्रणाली
बन तथा भूसंरक्षण मन्त्रालय
जिल्ला विकास समिति
जिल्ला प्रशासन कार्यालय
स्थानीय क्लव
बन विभाग
सामुदायिक बन
निकुञ्ज /संरक्षण क्षेत्र
जिल्ला बन कार्यालय
इलाका बन कार्यालय
संकलक
व्यापारी
सहयाक भूमिका
बैंक तथा वित्तीय संस्थाहरु
जिल्लाका वासिन्दा
बाहिरी जिल्लाका वासिन्दा
स्थानीय व्यापारी
काठमाण्डौका व्यापारी
चीनका व्यापारी
किराना पसल
होटल

अनुसूची : २


## यार्सागुम्बाको जीवनचक्र




स्रोतः क्षत्री (२०६८)

अनुसूची : ३

# Market Chain of Yarsagumba in Dolpa




स्रोत: क्षत्री (२०६८)

अनुसूची : ४

## स्थलगत सर्वेक्षणका प्रश्नावलीहरू

# नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

## यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
## (यार्सागुम्बा सङ्कलनकर्ता)

**(क) सङ्कलन कार्य**

१. सङ्कलकको व्यक्तिगत र पारिवारिक विवरण

अ) नाम : ☐

आ) ठेगाना : ☐

आ) उमेर :

इ) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐

ई) परिवार सङ्ख्या :

२. तपाईंको मुख्य पेसा के हो ?

क) कृषि ☐
ख) व्यापार ☐
ग) पशुपालन ☐
घ) शिक्षण ☐
ङ) सरकारीसेवा ☐
च) अन्य (उल्लेख गर्ने)……………… ☐

३. तपाईंले कति वर्षदेखि यार्सागुम्बा सङ्कलन गर्दै आउनुभएको छ ?

क) १ वर्ष ☐
ख) २ वर्ष ☐
ग) ३ वर्ष ☐
घ) ४ वर्ष ☐
ङ) ५ वर्ष वा सोभन्दा बढी ☐

४. विगत ३ वर्षमा तपाईंको परिवारका कतिजना सदस्यहरू यार्सागुम्बा सङ्कलन गर्ने कार्यमा लाग्नु भएको छ ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| सदस्य सङ्ख्या | | | |

५. विगत ३ वर्षमा तपाईं र तपाईंको परिवार अन्दाजी कति दिनसम्म यार्सागुम्बा सङ्कलन गर्ने कार्यमा लाग्नु भयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| दिन | | | |
| स्थान (पाटन, लेक)को नाम | | | |

६. वि.सं. २०७१ सालमा यार्सागुम्बा सङ्कलन कार्यको लागि तपाईंको परिवारले कुल कति खर्च गर्नुपऱ्यो ?

| **प्रयोजन** | **खर्च** (रु.) |
|---|---|
| अनुमतिको लागि वन कार्यालयको दस्तुर | |
| आय अनुमति दस्तुर | |
| राजस्व (प्रति के.जी.) | |
| खाना तथा वास | |
| अन्य | |
| **कुल** | |

७. यार्सागुम्बा सङ्कलनको लागि लागेको खर्च कुन स्रोतबाट जुटाउनु भयो ?

क) आफैंसँग रहेको नगद मौज्दातबाट ☐

ख) सरसापटबाट ☐

ग) साहूसँग ऋणबाट ☐

घ) अन्य (खुलाउने) ................................

८. विगत ३ वर्षमा तपाईं र तपाईंको परिवारले कति परिमाणमा यार्सागुम्बा सङ्कलन गर्नुभयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| परिमाण (के.जी.) वा सङ्ख्या (गोटा) | | | |

९. यार्सागुम्बा सङ्कलन कार्यमा तपाईं र तपाईंको परिवारले के-कस्ता समस्याहरू भेल्नुपरेको छ ? (कुनै तीनवटा मात्र)

क) सुरक्षा सम्बन्धी ☐

ख) स्वास्थ्य सम्बन्धी ☐

ग) ढुवानी तथा भण्डारण सम्बन्धी ☐

घ) बजार सम्बन्धी ☐

ङ) अन्य (खुलाउने)......................

## (ख) बजार तथा बिक्री

१०. सङ्कलन गरेको यार्सागुम्बा कहाँ लगेर बिक्री गर्नुहुन्छ ?

क) आफ्नै गाउँमा ☐

ख) जिल्ला सदरमुकाममा ☐

ग) काठमाडौँ ☐

घ) अन्य (खुलाउने)....................

११. सङ्कलन गरेको यार्सागुम्बा कसलाई बेच्नुहुन्छ ?

क) स्थानीय व्यापारी ☐

ख) थोक व्यापारी वा एजेन्ट ☐

ग) निर्यातकर्ता ☐

घ) अन्य (खुलाउने)....................

१२. सङ्कलन कार्य सकिएपछि यार्सागुम्बा औसतमा कति दिनभित्रमा बेचिसक्नुहुन्छ ?

.......दिन

१३. यस वर्ष तपाईंले यार्सागुम्बा औसतमा प्रति गोटा वा प्रति के.जी. कसरी बेच्नु भयो ?

रु...........

१४. यार्सागुम्बा बिक्री गरेर आर्जन गरेको रकम के गर्नुहुन्छ ?

क) बैंकमा राख्छु ☐

ख) घरमै राख्छु ☐

ग) गाउँमा लगानी गर्छु ☐

घ) ऋण तिर्छु ☐

ङ) अन्य (उल्लेख गर्नुहोस्)........

## (ग) आम्दानी तथा खर्च

१५. तपाईंको परिवारले यार्सागुम्बाबाट विगत ३ वर्षमा कति आम्दानी गर्नुभयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| यार्सागुम्बा बिक्रीबाट भएको आम्दानी (रु.) | | | |

१६. यार्सागुम्बा सङ्कलन बाहेक अन्य आयमूलक कार्यमा वर्षको कति दिन व्यस्त रहनुहुन्छ ?

......... दिन

१७. यार्सागुम्बासहित अन्य सबै आयस्रोतबाट तपाईको परिवारले वर्षेनी कति आम्दानी गर्नु हुन्छ ?

रु..............

१८. यार्सागुम्बाबाट भएको आम्दानी विशेष गरी के प्रयोजनको लागि खर्च गर्नुहुन्छ ?

क) खाद्यान्न ☐ प्रतिशत

ख) शिक्षा ☐ प्रतिशत

ग) स्वास्थ्य उपचार ☐ प्रतिशत

घ) व्यवसाय संचालन गर्न ☐ प्रतिशत

ङ) अन्य (खुलाउने) ................. प्रतिशत

## (घ) आर्थिक गतिविधि

१९. तपाईंको गाउँका मानिसहरू यार्सागुम्बा सङ्कलन कार्यमा लाग्न थालेपछि गाउँमा के-कस्तो विकास र सुधार भएका छन् ?

अ) मानिसहरूको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

**(ङ) <u>अन्य</u>**

२०. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका विषयमा केही बताइदिनु हुन्छ कि ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग कस्तो छ ? | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन कस्तो छ ? | ☐ | ☐ |
| ग) यार्सागुम्बा सङ्कलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

२१. तपाईंको विचारमा यस गाविसका कति प्रतिशत वस्यस्क वासिन्दाहरू यस वर्ष यार्सागुम्बा सङ्कलन कार्यमा सहभागी भएका थिए ?

.......प्रतिशत

२२. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) सङ्कलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष सङ्कलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐

घ) अन्य (उल्लेख गर्ने).........................

## धन्यवाद

सर्भेक्षण कर्ताको नाम : ...........................

पद : ...........................

मिति : .....................................

# नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

## यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
**(यार्सागुम्बा व्यापारी)**

१. व्यवसायीको व्यक्तिगत र पारिवारिक विवरण

अ) नाम :

आ) ठेगाना :

इ) उमेर :

ई) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐

उ) परिवार सङ्ख्या :

२. तपाईंको मुख्य पेसा के हो ?

क) कृषि ☐

ख) व्यापार ☐

ग) पशुपालन ☐

घ) शिक्षण ☐

ङ) सरकारी सेवा ☐

च) अन्य (उल्लेख गर्ने)..................

३. तपाईंले कति वर्षदेखि यार्सागुम्बाको व्यापार गर्दै आउनुभएको छ ?

क) १ वर्ष ☐

ख) २ वर्ष ☐

ग) ३ वर्ष ☐

घ) ४ वर्ष ☐

ङ) ५ वर्ष वा सोभन्दा बढी ☐

४. यार्सागुम्बा खरिदबिक्री कहाँ गर्नुहुन्छ ?

क) गाउँमै ☐

ख) सङ्कलन केन्द्रमै ☐

ग) जिल्ला सदरमुकाम ☐

घ) अन्य (उल्लेख गर्ने).............

५. तपाईंको विचारमा यस क्षेत्रमा कति परिमाणको यार्सागुम्बाको व्यापार हुन्छ होला ?

क) खरिद (के.जी.)...............

ख) बिक्री (के.जी.)...............

६. तपाईले २०७१ सालमा यार्सागुम्बा खरिद गर्दा निम्न शीर्षकमा कति खर्च गर्नुपऱ्यो ?

| **प्रयोजन** | **खर्च (रु.)** |
|---|---|
| राजस्व (प्रति के.जी) | |
| ढुवानी (प्रति के.जी) | |
| अन्य | |
| **कुल** | |

७. विगत ३ वर्षमा तपाईंले कति परिमाण र रकम बराबरको यार्सागुम्बाको व्यापार गर्नुभयो ?

| साल | खरिद विवरण | | बिक्री विवरण | |
|---|---|---|---|---|
| | परिमाण (के.जी. वा गोटा) | मूल्य | परिमाण (के.जी. वा गोटा) | मूल्य |
| २०६९ | | | | |
| २०७० | | | | |
| २०७१ | | | | |
| **कुल** | | | | |

८. सङ्कलनकर्तासँग खरिद गरेको यार्सागुम्बा औसत कति दिनभित्र बेचिसक्नुहुन्छ ?

.......दिन

९. खरिद गरेको यार्सागुम्बा कसलाई बेच्नुहुन्छ ?

- क) गाउँकै थोक व्यापारी ☐
- ख) सदरमुकामको थोक व्यापारी ☐
- ग) काठमाडौंको थोक व्यापारी ☐
- घ) आफैं निर्यात गर्ने ☐
- ङ) अन्य (खुलाउने) ....................

१०. तपाईले खरिद गरेको यार्सागुम्बा बिक्रीको लागि कसरी ढुवानी गर्नुहुन्छ ?

- क) भरिया/खच्चर ☐
- ख) बसर/परिवहन साधन ☐
- ग) हवाइजहाज ☐
- घ) हेलिकप्टर ☐
- ङ) आफैं वा परिवारबाट ☐

११. यार्सागुम्बाको मूल्य निर्धारण कसले गर्ने गरेको छ ?

- क) सङ्कलनकर्ता आफैंले ☐
- ख) थोक व्यापारीले ☐
- ग) सरकारले ☐
- घ) खरिदकर्ता र विक्रेताको आपसी सहमतिबाट ☐
- ङ) अन्य (खुलाउने) ....................

१२. तपाईंले बिक्री गरेको यार्सागुम्बा मध्ये कति जति निर्यातकर्तालाई बिक्री गर्नुहुन्छ ?

......प्रतिशत

१३. यार्सागुम्बा व्यापार गर्नको लागि आवश्यक पुँजी कहाँबाट जुटाउनुहुन्छ ?

क) बैंकबाट ☐

ख) आफ्नै बचत ☐

ग) छर/छिमेक वा इष्टमित्रबाट सरसापट ☐

घ) अन्य (उल्लेख गर्ने).....................

१४.यार्सागुम्बाको खरिदबिक्री कुन माध्यमबाट गर्नुहुन्छ ?

क) बैंकको चेकबाट ............. प्रतिशत

ख) नगद ............. प्रतिशत

ग) खाद्यान्न र अन्य उपभोग्य समानसँग ............. प्रतिशत

१५. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका पक्षका कस्तो अवस्था रहेको छ ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन | ☐ | ☐ |
| ग) यार्सागुम्बा सङ्कलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

१६. यार्सागुम्बाको व्यापार गर्दा तपाईंले कस्तो-कस्तो समस्या भेल्नुपरेको छ ? प्राथमिकता क्रममा भन्नुहोस् ।

क) सुरक्षा सम्बन्धी ☐

ख) ढुवानी तथा भण्डारण सम्बन्धी ☐

ग) पुँजी सम्बन्धी ☐

घ) बजार सम्बन्धी ☐

ङ) अन्य (खुलाउने)......................

१७. यस क्षेत्रका वासिन्दाहरू यार्सागुम्बा सङ्कलन कार्यमा लागेपछि यस क्षेत्रमा के-कस्तो विकास र सुधारका कार्यहरू भएका छन् ?

अ) मानिसहरूको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

१८. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) सङ्कलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष सङ्कलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐

घ) अन्य (उल्लेख गर्ने).........................

## धन्यवाद

सर्भेक्षण कर्ताको नाम : ...........................

पद : ...........................

मिति : ....................................

# नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

## यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
**(वन कार्यालय)**

१. यस जिल्लाको कति क्षेत्रफलमा यार्सागुम्बाको उत्पादन हुने गरेको छ ?

.................

२. यस कार्यालयले विगत ३ वर्षमा कति जनालाई यार्सागुम्बा सङ्कलन गर्नको लागि अनुमति प्रदान गऱ्यो र सोबाट कति आम्दानी भयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| अनुमति प्रदान गरिएको सङ्कलक सङ्ख्या | | | |
| अनुमति प्रदान गर्दा लिने शुल्कबाट आम्दानी | | | |

३. यस जिल्लामा विगत ३ वर्षमा यार्सागुम्बा सङ्कलन एवम् त्यसबाट प्राप्त राजस्व आम्दानीको तथ्याङ्क के कस्तो रहेको छ ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| यार्सागुम्बा उत्पादन परिमाण (के.जी.) | | | |
| राजस्व सङ्कलन | | | |

४. तपाईंको विचारमा यार्सागुम्बा सङ्कलन गर्न जाने मध्ये कति प्रतिशतले वन कार्यालयबाट अनुमति लिने गरेका छन् ?

.....प्रतिशत

५. यार्सागुम्बाको अनौपचारिक सङ्कलन नियन्त्रण गर्न यस कार्यालय बाट के-कस्ता प्रयासहरू भएका छन् ?

क) ...................................

ख) ...................................

ग) ...................................

६. तपाईंको विचारमा सङ्कलन भएको कुल यार्सागुम्बा मध्ये कति प्रतिशत व्यापारीले राजस्व तिर्ने गर्छन् ?

..... प्रतिशत

७. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका विषयमा केही बताइदिनु हुन्छ कि ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन | ☐ | ☐ |
| ग) यार्सागुम्बा सङ्कलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

८. यस क्षेत्रमा यार्सागुम्बाको सङ्कलन एवम् बिक्री वितरण बढ्न थालेपछि यस क्षेत्रका गाउँहरूमा के-कस्तो विकास र सुधार भएका छन् ?

अ) मानिसहरूको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

९. यार्सागुम्बाको जथाभावी सङ्कलनले यस क्षेत्रमा सृजना गर्न सक्ने संभावित पर्यावरणीय समस्याहरू के-के हुनसक्छन्?

क) यार्सागुम्बाको जीवनचक्रमै प्रतिकूल असर पर्ने ☐

ख) यार्सागुम्बाको उत्पादन घट्न सक्ने ☐

ग) यार्सागुम्बाको गुणस्तरमा ह्रास आउन सक्ने ☐

घ) अन्य (उल्लेख गर्ने)............................

१०. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) सङ्कलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष सङ्कलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐

घ) अन्य (उल्लेख गर्ने).........................

## धन्यवाद

सर्भेक्षण कर्ताको नाम : ........................... उत्तरदाताको नाम, थर :.............................

पद : ........................... पेशा : ...............................

मिति : .....................................

# नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

## यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
**(उद्योग वाणिज्य संघ)**

१. यस कार्यालयले विगत ३ वर्षमा प्रदान गरेको यार्सागुम्बाको उत्पत्तिको प्रमाणपत्रबारे देहायको जानकारी कृपया उपलब्ध गराइदिनुहोस् ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| प्रदान गरिएको उत्पत्तिको प्रमाणपत्रको सङ्ख्या | | | |
| यार्सागुम्बाको परिमाण (के.जी.) | | | |

२. तपाईंको विचारमा यस जिल्लामा वार्षिक कति परिमाणको यार्सागुम्बा उत्पादन एवम् सङ्कलन हुन्छ होला ?

क) उत्पादन ..............के.जी.

ख) सङ्कलन ..............के.जी.

३. तपाईंको विचारमा सङ्कलन भएको कुल यार्सागुम्बा मध्ये कति प्रतिशतको व्यापारीले राजस्व तिर्ने गर्छन् होला ?

..... प्रतिशत

४. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका विषयमा केही बताइदिनु हुन्छ कि ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन | ☐ | ☐ |
| ग) यार्सागुम्बा सङ्कलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

५. यस क्षेत्रमा उत्पादित/संकलित यार्सागुम्बा मध्ये कति प्रतिशत जति बाह्य मुलुकमा निकासी हुन्छ होला ?

.........प्रतिशत

६. सामान्यतया यस क्षेत्रमा संकलित यार्सागुम्बा मुख्य बजारकेन्द्रहरूमा लैजाँदा कस्तो साधनको प्रयोग गरिन्छ ?

क) हवाइजहाज ☐

ख) हेलिकप्टर ☐

ग) खच्चर/भरिया ☐

घ) भाडाका सवारी ☐

७. यस क्षेत्रमा यार्सागुम्बाको सङ्कलन एवम् बिक्री वितरण बढ्न थालेपछि यस क्षेत्रका गाउँहरूमा के-कस्तो विकास र सुधार भएका छन् ?

अ) मानिसहरूको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सङ्ख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

८. यार्सागुम्बाको व्यापारमा प्रमुख समस्याहरू के रहेको छ ? प्राथमिकता क्रममा भन्नुहोस् ।

क) सुरक्षा सम्बन्धी ☐

ख) ढुवानी तथा भण्डारण सम्बन्धी ☐

ग) पुँजी सम्बन्धी ☐

घ) बजार सम्बन्धी ☐

ङ) अन्य (खुलाउने)......................

९. यार्सागुम्बाको जथाभावी सङ्कलनले यस क्षेत्रमा सृजना गर्नसक्ने संभावित पर्यावरणीय समस्याहरू के-के हुन सक्छन् ?

क) यार्सागुम्बाको जीवन चक्रमै प्रतिकूल असर पर्ने ☐

ख) यार्सागुम्बाको उत्पादन घट्न सक्ने ☐

ग) यार्सागुम्बाको गुणस्तरमा ह्रास आउन सक्ने ☐

घ) अन्य (उल्लेख गर्ने)............................

१०. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) सङ्कलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष सङ्कलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐

घ) अन्य (उल्लेख गर्ने)......................... ☐

## धन्यवाद

सर्भेक्षण कर्ताको नाम : ........................... उत्तरदाताको नाम, थर :.............................

पद : ........................... पेशा : ...............................

मिति : ....................................